जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २५ • अंक १३५ • २०७९ साल आश्विन १६ गते आइतबार (2 October, Sunday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# पाँच दलीय गठबन्धनबाट जसपा बाहिरिने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले पाँच दलीय गठबन्धनबाट बाहिरिने तयारी गरेको छ । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि सिट बाँडफाँटमा असंतुष्टि जनाउँदै जसपा गठबन्धनबाट बाहिरिने तयारी गरेको हो । तर औपचारिक रुपमा गठबन्धन बाहिर गएको निर्णय जसपाले गर्न सकेको छैन ।

**कार्यकारिणी समितिको बैठकमा जसपा क्षेत्रीय, जिल्ला र प्रदेश समितिले सिफारिस गरेको उम्मेदवारहरुको नाम पढेर सुनाएको थियो । यद्यपि समय अभावको कारण सिफारिस भएको नाममाथि छलफल हुन सकेको छैन । तर पार्टीले समानुपातिकको नाम टुङ्गो लगाएको छ । आइतबार समानुपातिक उम्मेदवारको नाम सार्वजनिक गर्ने जसपाको तयारी छ ।**

शनिवार सिंहदरबास्थित जसपा संसदीय दलको कार्यालयमा बसेको कार्यकारिणी समितिको बैठकमा गठबन्धनबाट बाहिरिने विषयमा छलफल भएको थियो । विगतमा सत्ता गठबन्धन दलबीच आसन्न निर्वाचनको लागि तालमेल गर्ने सहमति भए पनि सिट बाँडफाँट आफ्नो पार्टीको पक्षमा नभएको भन्दै बाहिरिने तयारीमा रहेको जसपाका प्रवक्ता मनिष सुमनले प्रेस नोटमार्फत जानकारी दिएका छन् ।

पाँच दलीय गठबन्धनमा भएको सिट बाँडफाँट जसपाको लागि सन्तोषजनक नभएको उनको ठहर छ । जसपा संसदीय दलको बैठकले नेताहरु अन्य दलसँग वा एक्लै चुनाव लड्न पार्टी अध्यक्ष उपेन्द्र यादवसमक्ष धारणा राखेका थिए । 'हाम्रो पार्टीको समेत सहभागितामा रहेको ५ दलीय गठबन्धनमा आगामी हुने संघीय संसद् र प्रदेश सभा सदस्यको निर्वाचनमा सिटको तालमेलको सम्बन्धमा भइरहेको सिट बाँडफाँटसम्बन्धी छलफलमा हाम्रो पार्टीको लागि सन्तोषजनक नदेखिएको हुँदा यसका अतिरिक्त सम्भव भएसम्म विकल्पकोरूपमा अन्य राजनीतिक दलहरूसँग पनि निर्वाचनमा सिटको तालमेल गर्न सकिने छ,'सुमनले जारी गरेका प्रेस नोटमा लेखिएको छ ।

कार्यकारिणी समितिको बैठकमा जसपा क्षेत्रीय, जिल्ला र प्रदेश समितिले सिफारिस गरेको उम्मेदवारहरुको नाम पढेर सुनाएको थियो । यद्यपि समय अभावको कारण सिफारिस भएको नाममाथि छलफल हुन सकेको छैन । तर पार्टीले समानुपातिको नाम टुङ्गो लगाएको छ । आइतबार समानुपातिक उम्मेदवारको नाम सार्वजनिक गर्ने जसपाको तयारी छ । जसपाले गठबन्धनबाहेक अन्य दलसँग पनि तालमेलको बाटो खुला गरेको छ । यस क्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर र जसपा अध्यक्ष यादवबीच भेटघाट भएको छ । नेकपा एमालेका नेताहरु पनि चुनावी तालमेल गर्न लाइनमै रहेको बताइएको छ ।

'सम्मानजनक अवस्था रहँदा गठबन्धनमै रहेर चुनाव लड्ने भन्ने हो । त्यस्तो अवस्था रहेन भने अन्य दलसँग चुनावी तालमेल गर्न सकिन्छ,'प्रवक्ता सुमनले भने,'त्यो अवस्था पनि नहुँदा जसपा एक्लै चुनाव लड्छ ।' गठबन्धनका दलले जसपालाई बैशाखी मात्रै सम्झिदा समस्या देखिएको उनले बताए । त्यसकारण जसपा एक्लै चुनावमा जाने सम्भावना बढी रहेको उनले जनाए । 'कांग्रेस र माओवादी केन्द्रको बैशाखी बन्नको लागि मात्रै गठबन्धनमा रहँदैनौ । आगामी चुनावमा जसपा एक्लै प्रतिस्पर्धा गर्ने अवस्था छ,'उनले भने,'मधेशीवादी दलसहित अन्य दलसँग पनि तालमेलका लागि हामीले आह्वान गरेका छौं ।'

जसपाले अन्य दलसँग चुनावी तालमेल गर्नसक्ने बताए पनि कुन दलसँग चुनावी तालमेल हुने भन्ने खुलाएको छैनन् । एमालेका नेता गंगाराम यादवलाई पार्टी प्रवेश गराउँदै पार्टी अध्यक्ष उपेन्द्र यादवले केही दिनअघि जसपा एक्लै चुनाव लड्ने बताएका थिए । जसपालाई कुनै बैशाखीको आवश्यकता नरहेको उनले औल्याएका थिए । तर, परिस्थिति फेरिएको छ, यस्तोमा अध्यक्ष यादवले बैशाखी टेक्ने वा एक्लै चुनावमा होमिने प्रश्न खडा भएको छ ।

## डेंगी के हो ? लक्षण र बच्ने उपाय

डेंगी एक प्रकारको ज्वरो हो। डेंगी भाइरसद्धारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ। यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ। यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ।
खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, प्लास्टिकका खाली डब्बा, थोत्रो टायर, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ।

**लक्षणहरू**
- टाउको, ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- पेट दुख्ने, वाकवाकी लाग्ने
- शरीरमा विमिरा आउने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि



**बच्ने उपायहरू**
- लामखुट्टेको टोकाइबाट बच्न शरिर ढाक्ने लुगा लगाउने
- लामखुट्टेको वृद्धि रोक्न पानी जम्न नदिने
- पानी ट्याङ्की छोपेर राख्ने
- फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
- यो लामखुट्टेले दिउँसो टोक्ने भएका कारण दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने



**लोहारपट्टी नगरपालिका**
लोहारपट्टी, महोत्तरी, मधेश प्रदेश









**कलश शोभा यात्रामा सहभागीहरू:** महोत्तरीको जलेश्वरमा दुर्गा पूजाको अवसरमा शनिबार आयोजित बेल निमन्त्रणा तथा कलश शोभा यात्रामा सहभागीहरु । *तस्विर : रासस*

# सैनिक मञ्च टुँडिखेलमा फूलपाती बढाइँ

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी नेपाली सेनाद्वारा आइतबार दिउँसो सैनिक मञ्च टुँडिखेलमा आयोजना हुने फूलपाती बढाइँ समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी हुनुहुने भएको छ । उहाँ नेपाली सेनाको परमाधिपति हुनुहुन्छ ।

बढाइँ कार्यक्रममा सैनिक हेलिकप्टरद्वारा पुष्पवृष्टिका साथै राष्ट्रिय गीत र दुर्गा भजनको धुन प्रस्तुत गर्ने कार्यक्रम छ ।

सो अवसरमा सेनाले परेड प्रस्तुत गर्नाका साथै फूलपाती बढाइँअन्तर्गत राइफलबाट लहरे र एकठ्ठा तथा तोपबाट पनि बढाइँ गर्नेछ । परेडमा दुर्गायन्त्रको चिह्न बनाएर प्रस्तुत गरिने छ ।

कोभिड-१९ को सङ्क्रमणका कारण अघिल्लो वर्ष फूलपाती बढाइँ धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने उद्देश्यले साङ्केतिकरूपमा मात्र आयोजना गरिएको थियो । बडादसैँको सप्तमी अर्थात् फूलपातिका दिन सेनाले सैनिक मञ्चमा हर्षोल्लासरुपमा फूलपाति बढाइँ गर्ने पहिले देखिनकै चलन हो । गोर्खाबाट ल्याइएको जमरा र फूलपाती हनुमान ढोकाको दसैँ घरमा भित्र्याउने साइत मिलाएर टुँडिखेलमा फूलपाती बढाइँ गरिन्छ । नेपाली सेना मुलुकको प्रमुख सुरक्षा अङ्ग हो । टुँडिखेलको बढाइँ सकिएपछि आवश्यकमात्रामा जनशक्ति राखेर अरुलाई दसैँ बिदामा जान अनुमति दिने सेनामा चलन छ । सेनाको अहिले सङ्गठन प्रमुखमा प्रभुराम शर्मा हुनुहुन्छ ।रासस

# दसैँमा बज्ने गीतहरू

काठमाण्डु । घटस्थापनाको दिनदेखि नै हिन्दूको महान चाड दसैँ प्रारम्भ भइसकेको छ । रेडियो नेपालबाट गुञ्जिने मालश्री धुनदेखि हरेक बिहान आउने रेडियो नाटकले चाडलाई महसुस गराउँछ ।

दसैँलाई लक्षित गर्दै धेरै गीत तयार भएका छन् । हरेक वर्ष नयाँ गीतहरू सार्वजनिक हुने भए पनि केही 'सदाबहार' छन् । परदेशमा रहेका र मुग्लान भासिएकाको भावनाको प्रतिनिधित्व गर्ने गीतसँगै पुराना गीतको दबदबा कायमै छ । कालजयी र मर्मस्पर्शी लाग्ने ती गीत वर्षौंदेखि बजिरहेका छन् । रेडियो तथा टिभीमा घन्किने मालश्री धुनले नै दसैँको रौनक भित्र्याउँछ ।

सर्वाधिक बज्ने गीत हो 'दसैँ आयो' । फिल्म 'मुग्लान'मा समावेश गीतले घर आँगनमै दसैँ भित्रिएको अनुभूत गराउँछ । लोकनाथ सापकोटाको तयार पार्नुभएको शब्दमा स्वर उदितनारायण झा तथा दीपा झाले दिनुभएको छ । गीतमा सुरेश अधिकारीले सङ्गीत दिनुभएको छ । रातो टीका, जमरा, पिङ खेल्दाको अनुभूतिसँगै घरपरिवारको खुसियाली समेटिएको गीतको भिडियो दर्शकमाझ प्रिय नै छ ।




स्वरसम्राट नारायणगोपालको स्वर दिनुभएको 'बिछोडको पीडा' पनि दसैँमा बज्ने गीतमध्येको एक हो । नारायण गोपालसँगै दिलमाया खातीले स्वर दिनुभएको गीतले दसैँमा गाउँ फर्किरहनुभएको युवाको प्रतिनिधित्व गरेको छ । 'बिछोडको पीडा नसकी खप्न दसैँका बेलामा, तिमीलाई भेट्न आउँदैछु फर्की रमाइलो गाउँमा' बोलको यो गीतले परदेशमा रहँदाको पीडा एवं घर फर्कने चाहनालाई उजागर गरेको छ । गीतलाई रत्नशमशेर थापाले लेख्नुभएको हो । दसैँ, तिहारको उत्साह, उमङ्ग र दुःखलाई प्रतिनिधित्व गर्ने गीतमध्येको एक हो सुगम पोखरेलले तयार गर्नुभएको 'दसैँ तिहार' । रवि श्रेष्ठले शब्द लेख्नुभएको गीतमा सङ्गीत स्वयं सुगमले नै दिनुभएको छ । परदेशीले घरपरिवारप्रति पोखेको बेदनासहितको गीतमा दसैँमा छोराको बाटो कुरिरहनु भएको आमाबाबु मात्र होइन, तिहारमा माइतीको पर्खाइमा रहेका चेलीको भावनासमेत समेटिएको छ । महान चाडको अर्को पाटोलाई कमेडी शैलीमा चित्रण गरिएको गीत हो यो 'दसैँ नै हो कि' । योगेश्वर अमात्यले स्वर दिनुभएको गीतमा उत्साह उमङ्गसँगै आर्थिक व्ययभार थपिने यथार्थलाई समेटिएको छ ।

दसैँमा बज्ने गीतमध्ये 'रातो टीका निधारमा' उत्तिकै लोकप्रिय छ । दसैँको उत्साहलाई चित्रण गरिएको गीतलाई सहदेव ढुङ्गानाले रचना गर्नुभएको हो । यसमा शम्भूजित बाँस्कोटाले संगीत र उमेश पाण्डे र रमना श्रेष्ठले स्वर दिनुभएको छ । वरिष्ठ सङ्गीतकार शम्भूजित बाँस्कोटा पहिले दसैँ, तिहार, होली पर्वसँग फिल्ममा आउँदा त्यहीअनुसारको गीत तयार गरिने प्रचलन रहेको बताउनुहुन्छ । उहाँको गीत 'रातो टीका निधारमा' अहिलेको पुस्तामा पनि उत्तिकै लोकप्रिय छ । "मैले सिर्जना गरेको गीतले तात्कालीन समयमा राम्रो प्रभाव छाडेको रहेछ । दसैँलाई महशुस गराउने भएकाले नै पुस्तान्तरण भइरहेको छ । हिजोदेखि आजसम्म गीतलाई दसैँमा उत्तिकै सेलिब्रेट गरिन्छ", सङ्गीतकार बाँस्कोटाले भन्नुभयो ।रासस

# बडादसैँमा पनि रोकिएन वाग्मती सफाइ महाअभियान

काठमाण्डु । नवरात्रका अवसरमा धेरै मानिस थातथलोमा फर्केर रमाइरहँदा पनि वाग्मती सफाइ अभियानकर्मी भने बिहानैदेखि नदी सफाइमै भटिए ।

'राष्ट्रको लागि हप्ताको दुई घन्टा स्वयम्सेवा' भन्ने नाराका साथ २०७० जेठ ५ गतेदेखि सुरु भएको सफाइ महाअभियान आजदेखि ४९० औँ हप्तामा प्रवेश गरेको हो । यस अवसरमा बुद्धनगरको वाग्मती पुलमा जम्मा भएका अभियानकर्मीले त्यस क्षेत्रमा सफाइ गरी एक मेट्रिकटन नकुहिने फोहरलाई व्यवस्थापन गरेको अभियानकर्मी किशोरसिंह शाहीले राससलाई जानकारी दिनुभयो ।



महाअभियानमा वाग्मती किनार सडकको दुवैतर्फ घरदैलो कार्यक्रमसमेत आयोजना गरिएको थियो । सफाइमा पूर्वमुख्यसचिव एवं प्रमुख सफाइ अभियानकर्मी लीलामणि पौडेल, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धवप्रसाद तिमिल्सिना, नवनियुक्त आयोजना प्रमुख सुभाष बस्नेत, काठमाडौँ महानगरपालिका-११ का अध्यक्ष हीरालाल तन्डुकार, अधिकार सम्पन्न वाग्मती समितिका कर्मचारी, वाग्मती फोहर उन्मूलन उपभोक्ता समितिका पदाधिकारी, काठमाडौँ महानगरपालिका वातावरण विभागका पदाधिकारी, स्थानीयवासी एव वाग्मती अभियानकर्मीको सहभागिता थियो ।

सफाइका क्रममा वाग्मती अभियानकर्मी चक्रबहादुर चन्दको जन्मदिनका अवसरमा नदी किनारमा वृक्षरोपण पनि गरिएको थियो । महाअभियानले अर्को शनिबार बुद्धनगर पुलभन्दा पश्चिम झोलुङ्गे पुलअघि संयुक्त राष्ट्रसङ्घीय उद्यानसँगैको भागमा सफाइ गर्ने भएको छ । अर्को शनिबार पनि बडादसैँ नै भए पनि सफाइ अभियान जारी रहने जनाइएको छ ।

विसं २०७० जेठ ५ गतेदेखि वाग्मती सफाइ महाअभियान सुरु भएको हो । त्यसयता वाग्मती सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार बिहान दुई घण्टा निरन्तर चलिरहेको छ । जाडो, गर्मी, वर्षा, चाडपर्वलगायत प्रतिकूल अवस्थामा पनि सफाइ महाअभियान रोकिएको छैन । महाअभियानबाट प्रभावित भएर काठमाडौँ उपत्यकाको वाग्मतीका सहायक नदी, सांस्कृतिक सम्पदास्थल, चक्रपथलगायत स्थानमा पनि सफाइ अभियान सुरु गरिएको छ । हाल राजधानीमा २५ भन्दा बढी स्थानमा सफाइ भइरहेको जनाइएको छ ।

यसैगरी काठमाडौँ उपत्यका बाहिरका मुख्य सहर, नदी र सांस्कृतिक सम्पदास्थलमा पनि सफाइ भइरहेको छ । हाल राजधानी बाहिर एक सय नौभन्दा बढी स्थानमा सफाइ भइरहेको छ । सफाइ महाअभियान देशव्यापी जागरण फैल्याउन सफल भएको छ ।

यसैगरी शनिबार गुह्येश्वरीमाथिको वाग्मतीलगायत वाग्मतीका विभिन्न खण्ड, रुद्रमती, विष्णुमतीका तल्लो र माथिल्लो भाग, मनोहरा, चक्रपथका उत्तरी र पश्चिमी भागमा पनि सफाइ गरिएको जनाइएको छ । ललितपुरको गोदावरी खोला र भक्तपुरको हनुमन्तेमा पनि सफाइ जारी रहेको जनाइएको छ ।रासस

# सञ्जीव र सञ्जीत सम्मानित

काठमाण्डु । मनमैंजुस्थित उमा कुङफु स्कुलले डब्लुएमएसी वर्ल्ड मार्सल आर्ट्स गेम्सका दोहोरो पदक विजेता सञ्जीव तामाङ र सञ्जीतकुमार राईलाई आज सम्मान गरेको छ ।

उक्त स्कुलले विजयादशमी, तिहार र छठ पर्वको शुभकामना आदानप्रदान गर्न आयोजित कार्यक्रममा दुवैलाई सम्मान गरेको हो ।

तार्केश्वर नगरपालिका प्रमुख कृष्णहरि महर्जन, नेपाल उमा कुङफु सङ्घका अध्यक्ष सिद्धार्थ लामा तथा प्रमुख प्रशिक्षक दीपक श्रेष्ठ, उक्त स्कुलका संस्थापक एवं प्रमुख प्रशिक्षक रमेश महर्जनलगायतले उहाँहरुलाई सम्मान गर्नुभएको थियो । सो अवसरमा नगरप्रमुख महर्जनले नगरपालिकाले खेलकुदलाई विशेष प्राथमिकता दिने र यस्ता योजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

स्लोभेनियमा सेप्टेम्बर २३ देखि २५ तारिखसम्म भएको प्रतियोगिताको पुरुष १८ वर्षमाथि चाइनिज फम्समा सञ्जीवले स्वर्ण पदक जित्नुभएको थियो । उहाँले लाइट कन्ट्याक्ट पुरुष ६५ केजीमुनिमा कांस्य पदक हात पानुभएको थियो ।

त्यस्तै भेट्रान पुरुष ३५ वर्षमाथि सञ्जीतले चाइनिज क्रिएटिभमा स्वर्ण तथा ट्रेडिसनल फम्समा कांस्यपदक जित्नुभएको थियो ।रासस

# जलवायु परिवर्तनका कारण कर्णालीका हिमाली जिल्लामा डेङ्गु

कर्णाली । जलवायु परिवर्तनका कारण हिमाली भेगमा तापक्रम वृद्धिसँगै डेङ्गका बिरामी फेला परेका छन् । प्रायः तराई र भित्री मधेसका जिल्लामा हुने डेङ्गु सङ्क्रमण जलवायुमा आएको फेरबदलका कारण हिमाली भेगमा पनि फैलिएको हो ।

सुर्खेतस्थित प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका अनुसार यस वर्ष हालसम्म यहाँका हिमाली जिल्ला हुम्ला, जुम्ला, मुगु र डोल्पामा डेङ्गुका ४० बिरामी फेला परेका छन् । डेङ्गु एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सङ्क्रमण हुने गर्दछ । निर्देशनालयका डेङ्गु नियन्त्रण स्रोत व्यक्ति एवं भेक्टर कन्ट्रोल अफिसर श्यामलाल आचार्यले लामखुट्टेको जीवनचक्रका लागि हिमाली भेग पनि अनुकूल बन्दै गएको बताउनुभयो ।



"कतिपय फेला परेका बिरामी तराईबाटै सङ्क्रमित भएर गएका छन् भने कतिपय त्यही लामखुट्टेको टोकाइबाट सङ्क्रमित भएको पाइएको छ", उहाँले भन्नुभयो, "दुई वर्षअघि नै मुगुको खत्याडमा लामखुट्टेका लार्भा भेटिनाका साथै डेङ्गुका बिरामीको पहिचान भएको थियो, हिमाली भेगमा लामखुट्टेको जीवनचक्र अनुकूल हुँदै गएपछि यसको सङ्क्रमण पनि बढ्दै गएको हो ।" हिमाली भेगमा खोला नदी किनारका बस्तीमा सङ्क्रमण देखापरेको छ ।

निर्देशनालयका अनुसार यसपटक हुम्लामा एक, डोल्पामा नौ, मुगुमा आठ र जुम्लामा २२ बिरामी फेला परेका छन् । प्रदेश अस्पतालका वरिष्ठ फिजिसियन डा केएन पौडेलले हिमाली भेगमा डेङ्गु सङ्क्रमण हुनुमा जलवायुमा आएको परिवर्तन मुख्य कारण रहेको औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका बासिन्दाको जनस्वास्थ्यमा असर परेको छ, डेङ्गु र मलेरियाजस्ता रोग पनि देखापरेका छन् ।" डेङ्गुका बिरामीलाई झुलभित्र राखेर उपचार गर्नुपरेको उहाँको भनाइ थियो । एक जिल्लाबाट अर्को जिल्लामा जाने मानव चालका कारण पनि लामखुट्टे तराईबाट पहाड-हिमालतर्फ उक्लेको बताइएको छ ।

स्रोतव्यक्ति आचार्यले असोज मसान्तसम्म डेङ्गु सार्ने लामखुट्टे सक्रिय रहने समय भएकाले सजगता अपनाउन अनुरोध गर्नुभयो । निर्देशनालयले डेङ्गु रोकथामका लागि विभिन्न जनचेतनामूलक अभियान सञ्चालन गर्ने, लामखुट्टेको लार्भा नष्ट गर्ने, डेङ्गु कीट खरिद गरी स्वास्थ्य संस्थामा वितरण गर्नेजस्ता कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ । कर्णाली प्रदेशमा हाल डेङ्गुका चार सय ४१ बिरामी छन् । तीमध्ये सबैभन्दा बढी सुर्खेतमा छन् । यहाँ चार सय २२ मा यसपटक डेङ्गु सङ्क्रमण भएको थियो । गत आवमा कर्णालीमा प्रदेश बाहिरका १४ सहित सात सय ९६ जनामा डेङ्गु सङ्क्रमण भएको थियो ।रासस

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**राजदेवी मन्दिरमा लामबद्ध भक्तजन ।** जनकपुरधामको रामचोकस्थित माता राजदेवी मन्दिरको दर्शन गर्न लामबद्ध भक्तजन । *तस्विर : रासस*

# नालापानीको कथामा फिल्म

काठमाण्डु । नालापानीको इतिहासमा फिल्म निर्माण भएको छ । सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गर्नुभएका वीर बलभद्र कुँवरको लडाइँमा आधारित रहेर फिल्म 'नालापानी' निर्माण गरिएको जानकारी निर्देशक रिमेश अधिकारीले दिनुभयो । निर्माता समेत रहनुभएको अधिकारीले नेपाली वीरताको गाथालाई पर्दामा ल्याउनु सहज नरहेको बताउनुभयो।

"नालापानी गढीमा अङ्ग्रेज सैनिकविरुद्ध नेपाली फौजले लडेको साहसिक लडाईंलाई अहिलेको पुस्तालाई देखाउनु र बुझाउनु मेरो उद्देश्य हो। हामीले आफ्नो वीरताको गाथालाई सङ्ग्रहित गर्नु जरुरी छ", उहाँले भन्नुभयो।

युद्धको समयको भोगाइलाई पर्दामा देखाउनु कठिन रहेको निर्देशक अधिकारीले सुनाउनुभयो । "सीमित प्रविधि, बजारले गर्दा हाम्रो मेकिङमा असर गर्छ । यद्यपि हामीले सक्दो मेहनत गरेका छौँ", उहाँले भन्नुभयो। उहाँले झण्डै नौ वर्ष लगाएर फिल्म तयार गर्नुभएको हो। चलचित्र विकास बोर्डले दुई वर्ष अगाडि विशेष फिल्मसमेत घोषणा गरेको थियो । लेखन तथा अनुसन्धानमा निर्देशक

> **"नालापानी गढीमा अङ्ग्रेज सैनिकविरुद्ध नेपाली फौजले लडेको साहसिक लडाइँलाई अहिलेको पुस्तालाई देखाउनु र बुझाउनु मेरो उद्देश्य हो। हामीले आफ्नो वीरताको गाथालाई सङ्ग्रहित गर्नु जरुरी छ"**

अधिकारीलाई कृष्ण आचार्यले सहयोग गर्नुभएको हो । प्रा डा धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित 'नालापानीका नायक वीर बलभद्र' पुस्तकमा आधारित रहेर इतिहासविद्हरू प्रा डा धनराज कुँवर, प्रा डा त्रिरत्न मानन्धर, प्रा दिनेशराज पन्त, प्रा डा सुरेन्द्र केसी, पूर्वसहायक रथि डा प्रेम सिंह बस्न्यातहरूसँग छलफल गरेर नेपाली सेनाले प्रकाशित गरेको पुस्तक 'सैनिक इतिहास' मा आधारित रहेर 'नालापानी' तयार पारिएको हो ।

फिल्ममा देशभक्त खनाल, अर्जुनजङ्ग शाही, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, विजय विष्फोट, पुजना प्रधान, गीता अधिकारी, महाविर विश्वकर्मा, इशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, सारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, सहिना भट्टराई, गीत विष्ट, युगजङ्ग कार्की, सिमन खड्का, सुशील खड्का (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकार एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ।रासस

# शक्तिपीठ एवं देवी मन्दिरमा भक्तजनको लर्को

काठमाण्डु । नवरात्रको छैटौं दिनका अवसरमा देशभरका शक्तिपीठ एवं देवी मन्दिरमा भक्तजनको बिहानैदेखि भीड बढ्न थालेको छ।

सामान्य अवस्थामा पनि बुधबार, बिहीबार, शुक्रबार र शनिबार देवी मन्दिरमा भीड लाग्ने गरेकामा आज दसैँको छैटौं दिनको शनिबार परेकाले भक्तजनको लर्को लागेको हो । राजधानीका गुह्येश्वरी, जयबागेश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, विजेश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनी, बगलामुखी, टोखा चण्डेश्वरीलगायत मन्दिरमा भक्तजनको भीड छ।

शक्तिपीठ तथा देवी मन्दिरलाई ध्वजापताकाले सिँगारिएको छ । देवीका भजन, मङ्गल धुन तथा देवी स्तोत्र वाचनले भक्तजनलाई मन्त्रमुग्ध बनाउँछ । मैतीदेवी मन्दिर छिर्ने सडकमा आकर्षकद्वार निर्माण गरेर भक्तजनलाई मन्दिरमा स्वागत गरिएको छ। बिहानैदेखि भक्तजन पूजा, आराधना एवं दर्शनका लागि लाममा बसेका थिए।

नवरात्रका अवसरमा कम्तीमा पनि नौ वटा देवी मन्दिरमा दर्शन गर्नुपर्ने भन्दै केही भक्तजनले प्रत्येक दिन फरकफरक शक्तिपीठमा जाने गरी योजना बनाएको जनाएका छन् । कति भक्तजन राजधानीका शक्तिपीठमा दर्शन गरी बाहिरका देवी मन्दिरमा पनि दर्शनका लागि जाने तयारी गर्दैछन्।

यसैगरी उपत्यका बाहिरका देवी मन्दिरमा पनि भक्तजनको भीड बढ्न थालेको छ । पाथीभरा, छिन्नमस्ता, गहवामाई, पलाञ्चोक, पाल्चोक, नाला भगवती, चण्डेश्वरी, मनकामना, इच्छाकामना, विन्ध्यवासिनी, बाग्लुङ कालिका, शैलेश्वरी, उग्रतारा, बडिमालिकालगायत देशभरका देवी मन्दिरमा पनि भक्तजनको भीड लागेको जनाइएको छ।

नवरात्रसमेत भनिने यस अवसरमा शक्तिपीठमा दर्शन गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ । यस अवसरमा महाकमाली, महालक्ष्मी र महासरस्वतीको पनि विशेषरुपमा पूजा आराधना गरिन्छ । नौ दिनसम्म विशेष साधना गरे मनले चिताएको पुग्ने, शक्ति प्राप्त हुनेलगायत धार्मिक विश्वास छ। नवौँ दिनसम्म विधिपूर्वक पूजा आराधना गरिएको दुर्गादेवीको प्रसाद विजयादशमीका दिन मान्यजनका हातबाट लगाइन्छ।

दसैँको महत्वपूर्ण दिन विजयादशमीको अवसरमा घटस्थापनामा राखिएको घडाबाट विधिपूर्वक अभिषेक गरी दुर्गाको प्रसादका रुपमा जमरा र रातो टीका लगाइन्छ । केही जातिले भने यस अवसरमा सेतो अक्षताको टीका पनि लगाउँछन्।

यसैगरी दसैँका अवसरमा बजारमा किनमेल गर्नेको भीड पनि बढ्न थालेको छ । मुख्य बजारमा सामान किनमेल गर्नेको लर्को छ। कति मानिस भने आ-आफ्नो थातथलो फर्केका छन् । कतिले जाने तयारी गर्न थालेका छन्। काठमाडौँ उपत्यका बाहिर जाने यात्रुले सार्वजनिक यातायात सहज नभएको गुनासो गरेका छन्।

सार्वजनिक यातायातमा गुन्द्रुक कोचेझैँ राख्दा यात्रुले दुःख पाएका छन् । सार्वजनिक यातायात व्यवस्थित नहुँदा दसैँ, तिहारजस्ता चाडपर्वमा यात्रुले धेरै सास्ती खेप्नुपर्ने बाध्यता छ । तीन तहको सरकारको संरचना भए पनि सार्वजनिक यातायात व्यवस्थापन गर्न कसैको पनि ध्यान जान नसकेको गुनासो आम मानिसले गर्ने गरेका छन्।रासस

# सार्वजनिक जग्गा मिच्ने...

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले अवैध ढगाबाट निर्माण गरिएका भौतिक संरचना भत्काउने क्रममा सार्वजनिक जग्गा मिच्नेको सङ्ख्या बढी पाइएको जनाएको छ।

कामपाले गत भदौ ६ गतेदेखि नक्सा पास बिना निर्माण भएको, निर्माण भएअनुसार प्रयोग नभएको र सार्वजनिक जग्गा मिचेका बनेका संरचनालाई अवैध ठहर गर्दै त्यस्ता सबै संरचना भत्काउन सुरु गरेको हो। कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले भन्नुभयो, " कुनै न कुनैरुपमा सार्वजनिक जग्गा प्रयोग गर्ने सङ्ख्या बढी पाइएको छ।"

सार्वजनिक जग्गा मिच्ने क्रममा फुटपाथको प्रयोग, पर्खाल निर्माण, सार्वजनिक जग्गामा टहरा निर्माणजस्ता कार्य गरिएको फेला परेको बताइएको छ। गत साउन १ गते कामपाले जारी गरेको ३५ दिने सूचनाको बेवास्ता गरेपछि कामपाले डोजर प्रयोग भत्काउने काम सुरु गरेको हो । आगामी दिनमा यस कार्यलाई निरन्तरता दिइने भएको छ । यसरी भत्काइएका संरचनाअन्तर्गत हालसम्ममा सबैभन्दा बढी बानेश्वर र नयाँ बसपार्क क्षेत्रमा बढी त्यस्ता संरचना भत्काइएकोछ।

**डेढ महिनाकोमा १३५ संरचना भत्काइयो**

कामपाका अनुसार यस अवधिमा ५६ स्थानका एक सय ३५ संरचना भत्काइएको बताइएको छ। जसमा सबैभन्दा बढी बानेश्वर क्षेत्रको छ। यही भदौ ६ गतेदेखि सुरु गरेको अभियानअन्तर्गत कामपाले १९ स्थानका बेसमेन्ट तथा जमिन तलाको व्यावसायिक प्रयोजन हटाएर पार्किङका लागि खाली गराएको छ । बीस ठाउँका मापदण्डविपरीत निर्माण गरिएका अनधिकृत संरचना हटाएको छ।

नक्सा पास नभई निर्माण भएका र नक्साअनुसार निर्माण भए पनि सोहीअनुसार प्रयोग नगरिएका र सार्वजनिक जग्गा मिचेर नर्माण गरिएको सबै संरचना अवैध ठहर गर्दै कामपाले उक्त संरचनामा डोजर लगाएर भत्काउन थालेको हो।

बेसमेन्ट तथा जमिन तलालाई पार्किङरुपमा खाली गराइएका ठाउँमध्ये वडा नं १ दरबारमार्ग दुई वटा भवन छन्। यिनीहरु नेपाल ट्रस्ट र दरबार मलको भूमिगत तला हुन् । वडा नं १४ कलङ्कीमा रहेको स्मार्ट तारा हाउसको भूमिगत तलामा रहेको कपडा पसल र एभरेष्ट गेष्ट हाउसको भूमिगत तलामा रहेको खाजा घर पनि हटाउने काम गरिएको कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिनुभयो।

वडा २६ सामाखुसीमा रहेको पुरानो अल नेपाल अस्पताल र खड्का भवन तथा रानीबारीमा रहेको सेञ्चुरी बैंक परिसरभित्र रहेका अनधिकृत पसल हटाइएका छन् । वडा नं १० बानेश्वरमा पर्ने पाँच जनाको स्वामित्व रहेको बानेश्वर प्लाजाको ई ब्लकमा भएको संरचना हटाएर पाँचवटै घरको पार्किङ बनाउने काम भएको छ। वडा नं २२ सुन्धारास्थित काठमाडौं मलको भुइँ तलामा रहेको सटर हटाएर पार्किङका लागि खाली गरिएको छ । यही वडामा रहेका आरबी कम्प्लेक्स परिसरमा रहेका अनधिकृत टहरा हटाइएको छ। वडा नं २४ मा पर्ने सुरज आर्केट र कासा भवनको भुइँतला खाली गराइएको छ। वडा ५ क्षेत्रका सार्वजनिक ठाउँमा बनाइएका संरचना हटाइएको छ वडा नं ८ पाशुपत क्षेत्र सडक पेटीमा रहेको अनधिकृत संरचना, ओभरल्यापिङ र विज्ञापनमूलक सामग्री हटाइएको छ।

त्यस्तै वडा १० को देउराली क्लब वरिपरि सडक पेटीमा राखिएका निर्माण सामग्री हटाइएको छ । वडा १६ को ढुङ्गेधारा, वडा १७ को धोबीचौर र वडा २४ को सुरज आर्केड अगाडिको सिँढी हटाइएको छ । वडा १६ कै माछापोखरी नापतौल कार्यालय अगाडि र महादेव खोला किनारमा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका अस्थायी गरेर ४३ वटा संरचना हटाइएको छ। वडा २४, २५ र २७ सँग जोडिएका असन, इन्द्रचोक, वडा २४ को मखनदेखि विशाल बजारतर्फ आउने गल्लीका, वडा २५ मा रहेका शन्तानेश्वर भवानी शङ्कर मन्दिर, उमाशङ्कर मन्दिर र सडक पेटीमा अतिक्रमण गरेर राखिएका संरचना संरचना हटाइएको छ।

> **कामपाका अनुसार यस अवधिमा ५६ स्थानका एक सय ३५ संरचना भत्काइएको बताइएको छ । जसमा सबैभन्दा बढी बानेश्वर क्षेत्रको छ । यही भदौ ६ गतेदेखि सुरु गरेको अभियानअन्तर्गत कामपाले १९ स्थानका बेसमेन्ट तथा जमिन तलाको व्यावसायिक प्रयोजन हटाएर पार्किङका लागि खाली गराएको छ । बीस ठाउँका मापदण्डविपरीत निर्माण गरिएका अनधिकृत संरचना हटाएको छ ।**

**दसैँमा पनि रोकिँदैन अवैध संरचना भत्काउने काम**

हिन्दुहरूको महान पर्व वडा दसैँ सुरु भइसकेको छ। कामपाले यस समयमा पनि अवैध संरचना हटाउने काम जारी राख्ने जनाएको छ। कामपाले अवैधरुपमा निर्माण गरिएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम नरोकिने भन्दै यसलाई दसैँको समयमा पनि निरन्तरता दिने कामपा नगरप्रहरी निरीक्षक धर्मराज भण्डारीले जनकारी दिनुभयो।

कानुनीरुपमा अवैध ठहर भएका सबै संरचना भत्काउने काम निरन्तर गरिनेछ त्यसका लागि कामपाले नक्साअनुरूप वैध, अवैध यकिन गरिरहेको छ निरीक्षक भण्डारीले भन्नुभयो । अवैध संरचना हटाएसँगै हाल उपत्यकामा भइरहेको पार्किङको समस्या २५ प्रतिशतले समाधान हुनाका साथै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाले विश्वास लिएको छ। हाल बेसमेन्ट र अन्डरग्राउन्ट पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ वटा भवन रहेको कामपाले जनाएको छ। ती सबै किसिमका संरचनालाई कानुनी दायरामा ल्याउने तयारी छ।

काठमाण्डु महानगरपालिकाले यही भदौ ६ गतेदेखि अवैधरूपमा निर्माण भएका र निर्माण भएअनुरूप प्रयोजन नभएका संरचना भत्काउन थालेसँगै अन्य स्थानीय तहले पनि यसलाई कार्यान्वयन गर्न थालेका छन्।

कामपाले यही भदौ ६ गतेदेखि अवैधरूपमा निर्माण भएको संरचना भत्काउन थालेको हो। कामपाले सुरु गरेलगत्तै कीर्तिपुर नगरपालिकाले पनि गत भदौ ९ गतेदेखि नक्साविपरीत निर्माण भएका संरचना भत्काउन थालिसकेको छ । सात दिनको सूचना सार्वजनिक गर्दा पनि नागरिकले आनाकानी गरेपछि अवैधरूपमा निर्माण भएका संरचना भत्काउन थालिएको कीर्तिपुर नगरपालिकाको उपप्रमुख एवं प्रवक्ता शुभलक्ष्मी शाक्यले जानकारी दिनुभयो।

भक्तपुरको थिमी नगरपालिकाले पनि अवैध संरचना हटाउने काम सुरु गरिसकेको छ। काठमाडौँ उपत्यकामा मात्रै होइन उपत्यका बाहिरका स्थानीय तहले पनि यसलाई विस्तारै अनुशरण गर्न थालेका छन्।रासस

# नारायणी किनारमा तीन सङ्घीय मन्त्रालयका छुट्टाछुट्टै योजना

चितवन । नारायणी नदी किनारलाई अन्तर्राष्ट्रियस्तरको पर्यटकीयस्थल बनाउन तीन मन्त्रालयले काम सुरु गरेका छन्। भरतपुर महानगरपालिकाले तयार गरेको गुरुयोजनाअनुसार समन्वयात्मक रुपमा तीनवटै योजनाको काम अघि बढेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको नारायणी नदी व्यवस्थापन आयोजनाले नदी तटबन्धनसँगै सौन्दर्यकरणको काम गर्दैछ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन विभागले पद मार्ग, पार्किङस्थल लगायतको काम गर्दैछ । शहरी विकास मन्त्रालयअन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजनाले आरतीस्थल निर्माण र विद्युतीकरणको काम गर्दैछ।

नारायणी नदी व्यवस्थापन आयोजनाका निर्देशक गणेश मरासिनीका अनुसार कार्यालयले नारायणगढको नारायणी पुलदेखि उत्तरतर्फ नौ सय ८५ मिटर क्षेत्रमा पक्की तटबन्ध निर्माण गर्दैछ। नदीको सतहदेखि २.५ मिटर उचाइमा ११ खुट्किला निर्माण गर्दैछ। रु १९ करोड ८६ लाख अनुमानित लागतमा बोलपत्र आह्वान गरिएको उहाँले जानकारी दिनुभयो । खुट्किलाको सतह दुई मिटर चौडा हुन्छ भने अन्य खुट्किला ५० सेन्टिमिटर चौडा हुन्छन्। उहाँको भनाइमा माथिल्लो तह ४.५ मिटर फराकिलो हुनेछ । सो भागको ठाउँठाउँमा आकर्षक गोलाकार बनाएर वृक्षरोपण गरिने छ। पाँच मिटरको फरकमा विरुवा लगाइने उहाँले जानकारी दिनुभयो।

आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इञ्जिनीयर शङ्कर बुढाथोकीका अनुसार एक वर्ष ६ महिनाभित्रमा काम सम्पन्न गर्ने गरी बोलपत्र आह्वान गरिएको छ। उहाँले भन्नुभयो, "बाढीले नबगाउने गरी आकर्षक ढङ्गले सिढी निर्माण गर्रिंदै छ।" यसले तटबन्धको काम गर्ने, सौन्दर्यकरण बढाउने र नदी प्रयोगकर्तालाई सहज हुने उहाँको भनाइ छ। यो तटबन्धका कारण नवलपरासीतर्फको भूभागमा कुनै असर नपरोस् भन्नका लागि ध्यान दिइएको छ।

भरतपुर महानगरपालिकाका इञ्जिनीयर अस्मीता खनालका अनुसार पर्यटन विभागले नदीको तटीय क्षेत्रमा काम गरिरहेको छ । उहाँका अनुसार नारायणी नदी किनारलाई व्यवस्थित र सुन्दर बनाउन महानगरको गुरुयोजनाअन्तर्गत २.४ किलोमिटर पदयात्रा, एक सय हाराहारी चारपाङ्ग्रे सवारी अट्ने दुई वटा पार्किङस्थल, बगैँचालगायत निर्माणका काम भइरहेको छ। रु छ करोड ५० लाख बजेटमा काम भइरहेको छ।

यस ठाउँमा बगैँचा, फुटबल मैदान, भलिबल, ब्याडमिन्टन कोर्ट, बीच भलिबल, अन्य खेलका लागि छुट्टै भूभाग, बालुवा तथा बालबालिकाको खेल, अवलोकन क्षेत्र, विश्रामस्थल, शौचालय, पार्किङलगायत संरचना निर्माण गर्ने गुरुयोजनामा उल्लेख छ। खनालका अनुसार नारायणीको पुलबाट नारायणी लिफ्ट सिँचाइसम्मको २ दशमलव ५ किलोमिटर लामो सो भूभाग १५ बिघा क्षेत्रमा फैलिएको छ। तटबन्ध बाहेकका रु २९ करोड ३१ लाख खर्च हुने गरी विस्तृत अध्ययन प्रतिवेदन तयार भइसकेको छ। नदी किनारको दुईतर्फको छेउमा हाल भएको संरचनालाई व्यवस्थित गरिनेछ । बीचको भागमा धार्मिक क्षेत्र, प्रदर्शनी क्षेत्र र खेल क्षेत्रका लागि छुट्टाछुट्टै स्थान तय गरिएको छ। ती क्षेत्रभित्र पैदलमार्ग, साइकल मार्ग, प्रदर्शनी, आरती, धार्मिक प्रवेश र हरियाली क्षेत्र रहनेछन्। सघन सहरी तथा भवन निर्माण आयोजनाले भरतपुर महानगरभित्र स्मार्ट सिटी गुरुयोजना अनुरुपको रु ५० करोडको बोलपत्र आह्वान गरेको छ। आयोजनाका प्रमुख प्रकाश अर्यालका अनुसार नारायणी नदीको सोही क्षेत्रमा आरती प्लेटफर्म निर्माण गर्दैछ । आरती क्षेत्र वरपर बत्ती राख्दैछ । उहाँका अनुसार झण्डै रु दुई करोडको काम आयोजनाले नारायणी नदी किनारमा गर्दैछ। उहाँले भन्नुभयो, "हामीले अरु मन्त्रालयले गरिरहेका काम नजुध्ने गरी समन्वय गरेर गर्दैछौँ।"

स्मार्ट सिटीको लिस्टबाट हटेको भरतपुर महानगरपालिकालाई पुनःजोडेर यसवर्ष सोही गुरुयोजना अनुसारका रु ५० करोडका कामअघि बढेको महानगरले जनाएको छ । भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले ती तीन मन्त्रालयसँगै भरतपुर महानगरपालिकाले विभिन्न काममा बजेट विनियोजन गरेर नदी किनारमा काम गरिरहेको बताउनुभयो । उहाँका अनुसार सुरुमा पदमार्गलगायत काम महानगरकै बजेटबाट थालिएको हो । महानगरले सो क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको 'सी बीच' मोडलमा विकास गर्ने गुरुयोजनाअनुसार सङ्घीय मन्त्रालयले सहकार्य गरेको उहाँको भनाइ छ। काम नजुध्ने गरी व्यवस्थित ढङ्गले अघि बढाइने दाहाल बताउनुहुन्छ।

महानगरको सहरी क्षेत्रमा बसोबास गर्नेका लागि नदी किनार निकै उपयोगी हुनेछ भने आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षक केन्द्रविन्दु बन्ने प्रमुख दाहालको विश्वास छ। पवित्र तीर्थस्थल देवघाट र नवलपरासी क्षेत्र नदी किनारबाट अवलोकन गर्न सकिनेछ । दाहालका अनुसार किनारका संरचना बन्दै गर्दा विभिन्न खेल खेल्न सकिनेछ । दाहालले भन्नुभयो, "म पहिलो पटक प्रमुख भएसँगै नारायणी नदी किनारलाई व्यवस्थित गर्ने योजनानुसार कामले गति लिएको छ।"

सामुन्द्रिक किनारको अनुभूति त्यहाँ पुग्ने जो कोहीले पाउने गरी संरचना निर्माण गर्न लागिएको उहाँको भनाइ छ। मुख्यरुपमा आन्तरिक पर्यटक र बाह्यलाई नदी किनार महत्वपूर्ण गन्तव्य बन्नेछ। धार्मिक दृष्टिले नारायणी नदी महत्वपूर्ण मानिन्छ। महानगरका उपप्रमुख चित्रसेन अधिकारीले विश्वका ठूला सहरमा पर्यटकको मुख्य आकर्षण नदी र सामुन्द्रिक किनार हुने भए पनि यहाँ नदीलाई उपयोग गर्न नसकिएको बताउनुभयो । उहाँले नेपालमा धेरै सुन्दर नदी भएको तर त्यसको उचित व्यवस्थापन हुन नसक्दा पर्यटकीय आकर्षणमा नदी र तिनका किनार क्षेत्र कमै मात्र पर्ने गरेको बताउँनुभयो । नारायणी नदी किनारलाई आकर्षक गन्तव्य बनाइने उहाँले बताउनुभयो। पर्यटकीय नगरी सौराहालाई नारायणी नदी किनारसँग जोड्ने हो भने यहाँ थप पर्यटक भित्र्याउन सकिने स्थानीय बताउँछन्।रासस

## त्रिभुवन विमानस्थलको पाँच किलोमिटरभित्र ड्रोन उडाए कारबाही हुने

काठमाण्डु। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन उडाउनेलाई कारबाही गरिने जनाएको छ।

विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन उडाउने कार्यले विमानको उडान सुरक्षामा गम्भीर असर पर्ने भन्दै उक्त कार्य नगर्न/नगराउन प्राधिकरणले आग्रह गरेको छ। नेपाल नागरिक उड्डययन प्राधिकरणले एक सूचना जारी गर्दै त्रिभुवन विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन नउडाउन एक सूचना प्रकाशित गरी जानकारी गराएको र उक्त सूचनाको अटेर गरेमा कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ।

ड्रोन उडानसम्बन्धी नियम २०२१ ले विमानस्थलको आसपास ड्रोन उडाउन बन्देज गरे पनि पछिल्लो केही समययता उक्त नियमलाई अटेर गरी ड्रोन उडाउने कार्य भइरहेको पाइएकाले ड्रोन उडाउन बन्द गरिएको प्राधिकरणको भनाइ छ।रासस


WOREC

## महिला पुनर्स्थापना केन्द्र (ओरेक)

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३२ बर्षदेखि महिला मानव अधिकार, मानव अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति संघर्षरत एक राष्ट्रिय गैर सरकारी संस्था हो। यसले मुख्यतः महिला हिंसा विरुद्धको अभियान, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका साथै मानव अधिकार शान्ती र सामाजिक न्याय जस्ता अभियान मार्फत विभिन्न कार्यक्रम समुदाय स्तरदेखि राष्ट्रिय स्तर सम्म संचालन गर्दै आइरहेको व्यहोरा यहाँहरुलाई अवगत गराउन चाहन्छौं। यस अनुसार सर्लाही जिल्लाका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका उम्मेदवारहरुलाई आवेदन आव्हानको लागि यस सुचना प्रकाशित गरीएको छ।

(क) **पद**ः लेखा तथा प्रसाशन अधिकृत १ जना
(ख) **कार्यक्षेत्र** : धनुषा
(ग) **न्युनतम शैक्षिक योग्यता**ः व्यवस्थापन सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको,
(घ) **अनुभव**ः कम्तिमा २ वर्ष सम्बान्धित क्षेत्रको कार्य अनुभब भएको, लेखा सफ्टवेएर, Tally, Famous, Microsoft word, excel and power point चलाउन सक्ने।
(ङ) **दरखास्त मिति र प्रक्रिया**ः दरखास्त बुझाउने मिति १५ अक्टोबर २०२२ भित्र, दरखास्त ईमेल vacancy@worecnepal.org मा वा संस्थाको उदयपुर, महोत्तरी, सिरहा, सर्लाही, धनुषा, सुनसरी र मोरङका कार्यलयहरुमा उपस्थित भई बुझाउन सकिनेछ।

जनकपुर टुडे

२०७९ साल आश्विन १६ गते आइतबार (2 October, Sunday, 2022)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# दूर्गा पूजाको सातौं दिन कालरात्रीको पूजा

*एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता।*
*लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी।।*
*वामपादोल्लसल्लोहलताकण्टकभूषणा।*
*वर्धनमूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी।।*

वडा दशैंको सातौ दिन अत्यन्त महत्वपूर्ण मानिन्छ ।दूर्गा माताको सातौ स्वरुपलाई कालरात्रीको रुपमा पुजा गरिन्छ ।

कालो वर्ण भएकी खप्पड र खड्ग धारण गरेकी असुर शक्तिलाई विनाश गर्ने माता कालीको कालरात्रीको रुपमा पूजा गरिन्छ ।

उहाँको नामले नै माताको कल्याणकारी स्वरुपको वर्णन हुन्छ ।उहाँको शरिरको रंग अत्यन्त अँध्यारो देखिने कालो छ ।नामले नै उहाँको भयानक स्वरुपको वर्णन हुन्छ ।टाउकोको कपाल खुल्ला छ ।

घाँटीमा बिजुली जस्तो चम्किलो माला छ ।अन्धकारमय परिस्थितिको विनास गर्ने शक्ति स्वरुपाको नाम कालरात्री हो ।कालबाट पनि रक्ष ।गर्ने माता कालरात्री हो । दूर्गा पूजा विधि विधान अनुसारको उहाँको मुख्य पूजा मध्यरातीमा हुन्छ ।मानिस र जिवजन्तहरु समेत गहिरो निद्रामा हुन्छन् , त्यती बेला माता कालरात्रीको पूजा गरिन्छ ।

माता कालरात्रीको तीन नत्र रहेको छ ।तीनै नेत्र ब्रम्हाण्ड जस्तो गोलाकार छ ।उहाँको श्वासबाट अग्नी प्रज्वलित हुने गर्छ । उहाँको सवारी गंदर्भ (गदहा) हो ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात वर मुद्रामा रहेको छ ।उक्त हातबाट माताले भक्तहरुलाई वर प्रदान गर्नु हुन्छ ।



दाहिने तर्फको तलको हात अभय मुद्रामा रहेको छ । यसले भक्त सदैव निर्भय, निडर रहन्छन् ।बायाँ तर्फको माथिल्लो हातमा फलामको धारिलो हतियार (काँटा) र तलको हातमा खड्ग रहेको छ ।उहाँको रुप भयंकर हो ।

तर उहाँ कल्याणकारी सदैव शुभ फल प्रदान गर्ने माता हुन् ।त्यसैले उहाँको नाम शुभंकारीपनि हो ।उहाँको साधकहरुलाई कुनै प्रकारको भयबाट कतैपनि डराउनु पर्दैन् ।उहाँको साक्षात्कारबाट सबै पुण्यको भागी बन्छन् ।

माता कालरात्रिको उपासना गर्नाले ब्रह्मांडको सम्पूर्ण सिद्धिको द्वार खुल्न थाल्छन् ।सम्पूर्ण असुरी शक्ति उहाँको नामको उच्चारणले नै भयभीत भएर टाढा भाग्न थाल्छन् ।त्यसकारण दानव, दैत्य, राक्षस र भूत-प्रेत उहाँको स्मरणले नै भाग्छन् ।

उहाँले ग्रह बाधाहरुलाई हटाउनु हुन्छ । अग्नि, जल, जंतु, शत्रु र रात्रि भय उहाँको स्मरणले नै हट्छ । माता कालरात्रीको कृपाले भक्त सबै प्रकारको भयबाट मुक्त हुन्छन् ।

माता कालरात्री सर्वदा कल्याणी हुनुहुन्छ ।कालरात्री माताको साधकहरु सदैव भय भुक्त भएर मध्य राती(काल रात्री)मा उहाँको अराधना गर्छन् ।

माता कल्याणीको भक्ती अराधनाले सम्पूर्ण रुपमा भक्तजनको मनकामना पूर्ण हुन्छ ।

वडा दशैंमा दूर्गा भवानीको सातौ दिनको पूजालाई सर्वाधिक महत्व दिएको हुन्छ ।सो दिन दूर्गा मन्दिरहरुमा विशेष पूजा गरिन्छ


।कतिपय स्थानमा सप्तमी र अष्टमीको दिन कालरात्री माताको पूजाको अवसरमा बली प्रदानपनि गरेको पाईन्छ ।

## सम्पादकीय

# संस्कृतिप्रति उपेक्षा

चाडपर्वको आगमनसँगै बाह्य आवरणमा चुर्लुम्म डुब्ने प्रवृत्ति मौलाउँदै गएको छ । आजको विज्ञान , प्रविधिको युगमा उदारीकरण , विश्वव्यापीकरण ,अपसंस्कृति एवं भोगवादी विचारधाराको युगको प्रवाहमा विचित्रको खिंचडी संस्कृतिको सिर्जन हुन थालिसकेको छ कि पूर्वीय र पाश्चात्य संस्कृति छुट्ट्याउन गाह्रो हुन गएको छ । चाडपर्वमा आयोजन गरिने आराधनाका नाममा भजन सन्ध्या, मनोरञ्जनका नाममा अश्लिल गीत र नृत्यको होडबाजीले आस्था , विधिव्यवहार , पैतृक संस्कारहरु व्यक्तित्व विकासको बाधक तत्व बन्न गएको अनुभूति हुन्छ । आज पछाडि हैन , अगाडि देख्ने प्रवृत्तिको तीव्रताले सौहार्दता , स्नेह र एक्यबद्धताको भावनामा कमी आउँदै गएको छ । आफ्नो लागि बाँच्नुपर्ने भावनाको विकास नै संस्कृतिप्रतिको विचलन मान्नुपर्दछ । मानवीय जीवनमा आफ्नो गौरवशाली अतीतप्रतिको संवेदनशून्यताले रुखोपना ल्याएको छ , यसको कारक तत्व हो परम्परागत सांस्कृतिक थातीप्रतिको उपेक्षा । चाडपर्वका अवसरमा संस्कृतिलाई जगेर्ना गर्ने गहन जिम्मेवारीको बोधलाई महत्वहीन बनाइएको छ । त्यसको प्रतिकूल प्रभाव मौलिक नाटक , गीत , भजन , नृत्यमा परेको छ । केही संस्थाले संस्कृतिको प्रदर्शन मञ्चमा मात्र सीमित राख्नु , संस्कृति प्रदर्शनलाई आर्थिक उपार्जनको व्यवसाय बनाउनुले पनि संस्कृति आधुनिकताको चपेटामामा परी बाटो बिराउन थालेको छ । संस्कृति र कलाले नै दुनियाँ बदलिन्छ । मानवीय हृदयको सबैभन्दा गहिरो , भित्री पत्रलाई तर्क वा कारणले होइन , भावनाले उत्प्रेरित गर्छ । समाजमा बालबालिका , युवायुवती , पुरुष र नारी समाजले लोकगीतलाई सम्वर्धन गर्दै संस्कृतिको हस्तान्तरणमा योगदान गरेका छन् । कुनै पनि जातजातिको लोकसंस्कृति भनेको निजत्वको विशिष्ट परम्परा र पहिचान हुने गर्दछ । कुनै पनि सामाजिक जीवनको संरचनामा केही मौलिक तत्वको महत्वपूर्ण हात हुन्छ जसले सम्पूर्ण जीवनशैलीलाई एउटा निश्चित धारतिर डोऱ्याइरहेको हुन्छ , यही नै लोक संस्कृति हो । यो क्रिया अत्यन्त सहज , अकृत्रिम , स्वाभाविक र परम्परागत जीवनशैलीको आडम्बररहित उपस्थापन हुन्छ । संस्कृतिले मानव मात्रको चिनारीलाई स्थायित्व प्रदान गर्दछ , एकसूत्रतामा आबद्ध गर्ने निर्माण गर्दछ । यसै कारणले वसुधैव कुटुम्बकम्को नारालाई महत्वपूर्ण मानिएको छ , यसमा समस्त मानवीय संस्कृतिको विशिष्टता प्रस्ट हुन्छ । संवेदनशून्यताका कारणले देखिएको संस्कृतिप्रतिको उपेक्षापूर्ण गतिविधिलाई हटाउन मन र जीउमा ओढेको बाह्य आवरणको पहिचान गर्नु जरुरी छ । मन र जीउमा ओढेको बाह्य आवरणलाई हटाएमा नै मौलिक संस्कृतिको मूल स्वरुप प्रस्ट हुन सक्छ । हुन त संस्कृतिको विनाश सजिलो छैन , संस्कृति शरीरको नभइ आत्मा गुण हो , त्यसैले पनि आहार विहार , संस्कार , शिष्टाचार , परिधान , साज शृङ्गार ,, भाषा भंगिमालाई बाह्य आवरणबाट मुक्त गर्ने पर्दछ ।

# के बालेन समस्यामा पर्छ ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

राष्ट्रपति विद्यादेवी भण्डारीको नागरिकता विधेयकको प्रमाणीकरणमा देखाइएका मौनता र मेयर बालेन शाहको काठमाडौंको सडकमा डोजरको तीव्रताले सवैको ध्यान तानेको छ । दुवैमा समानता पनि देखिएका छन । विद्यादेवी मुलुकको सर्वोच्च पद 'राष्ट्रपति'मा आसिन हुनुहुन्छ । नागरिकता विधेयकको प्रमाणीकरण नगरेको विषयमा उहाँविरुद्ध सर्वोच्च अदालतमा र महानगरमा घर टहरालगायतका तोडफोडका मेयर बालेनविरुद्ध पाटन उच्च अदालतमा मुद्धाहरु दर्ता भएका छन् ।

राष्ट्रपति भण्डारी संसद् विघटनको सिफारिस गर्दा संविधान मिचिएको आरोप लागेको छ । नागरिकता विधेयकलाई प्रमाणीकरण नगरी अलपत्र पारेपछि संविधान नै किचाई परेको जनगुनासो सुनिन्छ ।

संविधानसभाबाट निर्मित संविधान जसलाई विश्वकैं उत्कृष्ट संविधान बनाएको भनेर गर्व गर्नेहरुमध्ये कतिपयले संविधानका त्रुटिहरु औंल्याउन थालेका छन् । सत्तापक्षले जहिलेपनि संविधानको कतिपय धाराको प्रयोग आफू अनुकुल गर्न थालेपछि पटक पटक विवाद निम्त्याएको हो । यो सङ्घीय गणतन्त्रको लागि शुभ सङ्केत पक्कै होईन् । संविधानको संरक्षण सर्म्बद्धन गर्ने पक्षहरुमा स्वच्छन्दता बढेको छ । यदि, यस्तै रह्यो भने मुलुकको अधोगति निश्चित छ ।

अर्कोतर्फ, काठमाडौंका मेयर बालेन शाहको डोजर महानगरभित्रको अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिएका छन् । यसको थुप्रै पक्ष सकारात्मक भएपनि कतै न कतै नकारात्मक अवस्थापनि सृजना गरेको छ । तर, जेभएपनि उहाँको कार्यको गतिशीलता प्रशंसनीय छ । सोही कारणले गर्दा मुलुककै तीनवटै पुस्तामा आशाको सञ्चार जागृत भएको छ ।


कामगर्ने आँट र प्रतिबद्धता छ भने कल्पना नगरेको कामपनि सहज ढङ्गले हुने गर्छ भने बालेनको कदमले पुष्टि गरेको छ । बालेनले गर्न सक्ने, हाम्रो मेयरले किन गर्न नसक्ने भनेर चर्चा चुँलिन थालेपछि कतिपय मेयरलाई बालेनको कदमले गर्दा मानसिक तनावका साथै चूनौंति थपिँएको अनुभूति गरिरहेका छन् ।

बालेनको कदमको खासै प्रतिकार भएको छैन् अपितू बालेनको जयजयकार नै भएको छ । इन्द्रजात्रामा बालेनप्रति जनताको जयजयकारले राष्ट्रियस्तरमैं चर्चाको विषय बनेको थियो । त्यो जयजयकारलाई स्थायित्व राख्नका लागि जनताको नजरमा लोकप्रिय कार्य गर्दै रहनुपर्छ । यस्तै जयजयकारको सन्दर्भमा लौहपुरुष गणेशमान सिँहले एकताका भन्नुभएको थियो, "गणेशमान जिन्दावाद-जिन्दावाद"को नारा सुनेर मख्ख भएर सुतेको थिए, सुतेर उठेपछि 'गणेशमान मुर्दावाद-मुर्दावाद' नारा गुञ्रिहेको थियो । काठमाडौंको जनताको सम्बन्धमा उहाँको यो प्रतिक्रिया हो । काँग्रेस र एमालेप्रति खासगरी युवावर्गको आक्रोसको प्रत्यक्ष लाभ बालेनलाई प्राप्त भएको हो । २०३८ सालको निर्वाचनमा सुधारिएको पञ्चायती व्यवस्थाप्रति आक्रोस प्रकट गर्दै काठमाडौंले राष्ट्रिय पञ्चायत सदस्यमा नानीमैयाँ दाहाललाई जिताएको थियो । काठमाडौंका मतदाता कतिखेर, कसलाई समर्थन गर्ने सम्बन्धमा आङ्कलन गर्न कठिन छ । हुनत, अव काठमाडौंमा प्रवासी मतदाताले निर्वाचनमा निर्णायक भूमिका खेल्न थालेको छ ।

राजनीतिमा विपक्षी जहिलेपनि राम्रो काम भएपनि नभएपनि विरोध गर्नु आफ्नो कर्तव्य ठान्छन् । बालेनको कदमले मुख्य दलका नेताहरु अक्क न बक्क अवस्थामा पुगेका छन् । कारण एउटै हो, गर्न सकिन्थ्यो, किन गरिएन भनेर उनीहरुलाई पछ्तो भइरहेको हुनु पर्दछ । तर, राजनीतिकका महारथीहरु जहिलेपनि कमजोर विन्दुमाथि प्रहार गर्छन् । त्यसकारण, बालेनलाई सदैव सचेत रहनुपर्ने आवश्यकता पनि छ ।

अवैध निर्माणगर्नेहरुमाथि कानुनको डोजर चलाइन्छ भने आफनोतर्फबाट पनि कानुनको उल्लङ्घन नहोस् विषयमा सचेत रहनुपर्छ । नत्र, बालेनको 'डोजर आतङ्क' को रुपमा परिभाषित हुनमा बेर लाग्दैन् ।

बीर अस्पतालको जग्गामा रहेका औषधि पसल भत्काइयो । भत्काउनुको मुख्य कारण सो अस्पतालले नक्सामा फुलवारी उल्लेख छ । सो ठाउँमा औषधि पसल सञ्चालित अवस्थामा फेला पऱ्यो । जहाँसम्म मेरो दृष्टिकोणमा महानगरलाई फुलवारीको ठाउँमा किन औषधि पसल खोलिएको ? कहिलेदेखि खोलिएको ? नियम विपरीत कार्य गरिएको र बर्षौदेखि सोबापत कर चुक्तापनि



नगरिएको देखिएकाले तोकिएको अवधिभित्र जवाफ माग्नु पर्ने हो । दण्ड जरीवाना वसुल गर्नुपर्ने हो कि होईन् ? एकाएक भत्काउनु के अराजकता होईन ? त्यो भत्काएर महागरलाई के उपलब्धि भयो ?

जडिबुटीको सडक क्षेत्रबाट एउटा पुरानो घर हटाइए । सर्वोच्च अदालतले जग्गाको मुआब्जा दिएर मात्र हटाउनु भनेर सडक विभाग आदेश दिएको थियो । महानगरको डोजरले हटाए । यस सन्दर्भमा, महानगरका टोलीले सडक विभागको आदेशमा हटाइएको जानकारी गराइयो । डोजर त सडक विभागसँग पनि छ । तर, उसले भत्काउने काम गरेन् । किनभने, मुआव्जा तिर्नु पर्थ्यो । मुआब्जा दिन नचाहेर महानगरको माध्यमबाट हटाइएको हो ।

डा. बावुराम भट्टराई प्रधानमन्त्री बनेपछि काठमाडौंको सडक विस्तारको नाममा सयौं घर भत्काएको थियो । सरकारले कसैको मुआब्जा दिएन् । विकासको नाम कसैलाई सुकुम्वासी बनाउनु कहाँसम्म उचित हो ? राज्यले कर लिन्छ तर, विकासको नाममा जनताको जग्गा सित्तैको खोज्छन् । सम्पति अधिग्रहण गर्दा जग्गाको मुआब्जा दिनुपर्छ । बालेनको डोजरले अनामगरस्थित ओसिडेन्टल स्कुल भत्काए । भनिन्छ, बषौदेखि सञ्चालित सो स्कुल एलानी जग्गामा बनेको थियो । विद्यालय भत्किएपछि विद्यार्थीको मनोदशा के भएको होला ? उनीहरु पढाईमा के असर पर्छ ? यी विषयमा मेयरलाई सोच्नुपर्ने थियो । महानगरले भत्काउनुको विकल्प खोज्न सकिन्थ्यो । उक्त भवन अधिग्रहण गर्न सकिन्थ्यो । आवश्यक दण्ड जरीवानापनि वसुलउपर गर्नुपर्ने थियो । बाङ्गेमुढामा एक सामुदायिक भवन पनि भत्काइएको छ । उक्त भवनको सन्दर्भमा सर्वोच्चमा मुद्धा विचाराधीन अवस्थामा छ । त्यो कागजात देखाउँदापनि नगर प्रहरी प्रमुख राजु पाण्डेले अन्ततः भत्काएर नै छाडे । कतिपय, घरधनीले कागजात देखाउन खोज्दा पाण्डेले कागजात कार्यालय देखाउन ठाडो जवाफ दिँदै अर्कोतर्फ डोजरले भत्काउँछन् । कार्यालय पुग्नुभन्दा पहिले भत्काएपछि कार्यालय जानु भन्नु को के अर्थ हो ? अर्कोतर्फ, वैद्य भवन वा पर्खाल भत्काएको अदालतमा पुष्टि भयो भने महानगरलाई क्षतिपूर्ति तिर्नुपर्छ । त्यो जनताको करबाट उठाइएको रकम नै तिर्ने हो । अर्कोतर्फ, बालेनको छविपनि धुमिल हुनेछ । तसर्थ, कसैको अनाहकमा क्षति नहुन दिनका लागि सचेत रहनुपर्छ । प्रतिष्ठा बडो मुश्किलले आर्जन हुन्छ । त्यस विषयमा पनि ध्यान राख्नुपर्ने देखिन्छ ।

'टुकुचा भेटियो' । टुकुचा के हो भन्ने पहिलोपल्ट नाम सुन्नेहरु पनि छन् । माटोमुनीबाट खोला बग्दैछ र माथि घरहरु बनेको कुरा सुनेर छक्क पर्नु स्वभाविक हो । नापीको नक्साबाट टुकुचा गायव भन्ने खालका समाचारहरु तीव्रगति प्रशारण भइरह्यो । भू- माफियाहरुले खोलालाई पनि छोडेनन् भनेर चर्चा व्यापकता पाएको थियो । विस्तारै- विस्तारै कुरा खुल्दै जाँदा विसं १९४२मा बीर शमशेरले बगैंचा बनाउनका लागि विधिवत ढङ्गले गुम्बज शैलीमा नाला निर्माण गरी पानी बग्ने व्यवस्था मिलाएको रहेछ । तत्कालीन आर्किटेक्ट जोगबीर स्थापितको पहलमा सो निर्माण भएको हो । त्यो कति वलियो रहेछ भने विसं १९९०को महाभुकम्प, २०४५ र २०७० को भुकम्पमा पनि कुनै असर परेको छैन् । बाढीको तीव्र बहावमा पनि क्षति पुगेको देखिएन् । डोजरलाई पनि भत्काउनमा हम्मेहम्मे परेको थियो । बीर शमशेरका सन्तानहरुले त्यो जग्गा विक्री गऱ्यो । कालान्तरमा खरिद विक्री हुँदै गयो । त्यहाँ बनेका घरहरुलाई तत्कालीन नगरपालिका र हालका महानगरपालिकाबाट नक्सा पास भएर विधिवत रुपमा भवनहरु निर्माण भएको चर्चा पनि छ ।

टुकुचा खोलाको त्यो भाग कमसेकम दुर्गन्धबाट जोगिएको छ । अन्य खुल्ला भागमा फोहोर पानी बगिरहेको, झाँडीहरु उम्रिएको छ । दुई घण्टाको बर्षामा काठमाडौंका कतिपय सडकबाट पानी बग्ने गरेको छ । टुकुचालगायत त्यस्ता खोलाहरुको सरसफाई र थुपारिएका माटोहरुलाई हटाएको भए सहज ढङ्गले पानी बग्ने थियो । लामखुट्टेको प्रकोप पनि घट्ने थियो । अहिले महानगरमा डेङ्गुको प्रकोप बढेको छ । खोलाहरुको सरसफाईको जिम्मेवारी जुन निकायको त्यसलाई चासो लिनु पर्ने थियो । महानगरको दायित्व भएपनि नभएपनि यसतर्फ ठोस कदम उठाउनुपर्ने थियो ।


व्यवस्था वा सरकार परिवर्तन भएपनि तत्कालीन सरकारको निर्णय अमान्य हुँदैन् । त्यसलाई अमान्य पार्नका लागि संवैधानिक प्रक्रिया अपनाउनु पर्छ । तत्कालीन प्रधानमन्त्री बीर शमशेरको आदेशमा टुकुचालाई छोपिएको हो । त्यो आदेशलाई बदर गर्नका लागि मन्त्रिपरिषदबाट नै निर्णय हुनुपर्छ ।

टुकुचामा गुम्बज शैलीमा नाला निर्माण गर्ने तत्कालीन आर्किटेक्ट जोगबीर स्थापितको नाम चर्चामा आएको छ । बालेनले भूमिगत टुकुचाको खोजी नगरेको भए, जोगबीर स्थापितको नाम चर्चामा आउने थिएन् । टुकुजा खोजीको यो ठूलो उपलब्धि हो । आजभोलि लाखौं खर्चिएर निर्माण गरिएका नालाहरु अलिकति पनि पानी चाप सहन नसकेर भत्किने गरिन्छ । टुकुचामा निर्माण गरिएका नालाको विषयमा इन्जिनियरिङ्गका विद्यार्थीहरुको लागि अध्ययनको विषय हो ।

प्रजातन्त्रदेखि गणतन्त्रको यात्रासम्म आइपुग्दा पनि मुलुकमा नेताको जगजगी त भयो तर, जनतालाई आफ्नै जग नै हल्लिएको हो कि आभाष हुन थालेको अवस्थामा बालेन्द्र शाहको कार्यशैली देखेर आशा पलाएको छ । यस्तो बेलामा बुढापाकाको आदर्शवादी सुझाव जोश देखाउने बेलामा होस नगुमाउनु भन्ने कुरालाई उपदेशको मनन् गरी कार्य गर्नुपर्ने देखिएको छ ।

काठमाडौंमा पुटपाथबाट पसल हटाउने, बेसमेन्ट खाली गराउने र सडक अतिक्रमण हटाउने र अवैध भवन ध्वस्त पार्ने काम भएको छ । यसबाहेक थुप्रै कामको शुभारम्भ गर्नुपर्ने हुन्छ । अव, बालेन शाहलाई होशियारीका साथ कदम उठाउनुपर्छ । राजनीतिकका माहिर खेलाडीहरु कमजोरी फेला पार्नासाथ ठूलो मुद्धा बनाउनमा बेर लगाउँदैन् । 'इतिश्री'

# मातृशक्तिको उपासनाको परम्परा



डा.रेवतीरमण लाल

प्रागैतिहासिक युग देखि नै सभ्यताको विकासको साथै देवी देवताहरको कल्पना गरिएको थियो । त्यसैको साथ मातृशक्तिको कल्पना पनि गरिएको थियो । सभ्यताको आदिकालमा पनि मातृशक्ति प्राथमिकतामा थियो र त्यसको उपासना र आराधना दिन चर्या बन्दै गयो । मानव आफ्नो संकटको बखत देवी देवतालाई गुहारदै आफ्नो सुरक्षा देवी देवताको आराधनामा पाएको थियो । रामायण होस किंवा महाभारत विजय पाउन आदि शक्ति मातृशक्तिको उपासना गरिदै गरिएको बुझिन्छ । महाभारतको कालमा पनि पाण्डवहरु शक्तिको उपासना गरी महाभारतको युद्धमा विजय पाउनु भएको थियो अनि राम पनि महाशक्तिको उपासना गरी रावण माथि विजय पाउनु भएको थियो ।

अर्द्धनारीश्वर भगवान शिवशक्तिको विना शव तुल्य रहनु हुन्छ । यसै कारणले हिन्दू संस्कृतिमा विष्णुको सँग लक्ष्मी, रामको साथ सीता, शिवको साथ पार्वती र ब्रह्माको साथ सरस्वतीको विधान गरिएको छ । देवासुर संग्राममा शक्तिको उपासना गरी देवताहरु दानव माथि विजय प्राप्त गरेका थिए । रामायण कालमा पनि रावण पुत्र मेघनाद आफनी गृह देवीको आराधना गरी विजय पाउने महात्वाकांक्षाले उपासना अर्चना गरेका थिए र त्यो उपासना अर्चना सफल भएको भए उसको विजय निश्चित थियो तर यस कुराको हनुमानलाई जानकारी प्राप्त भएपछि त्यसलाई ध्वंश गरी दिनुभयो र यसबाट रावणको वंशलाई नष्ट हुने समभव भयो ।

यसै शक्तिको आराधनाको लागि विजयादशी मनाइने गरिएको छ । यसलाई नवरात्र पनि भन्ने गरिएको छ । यसको कारण यो हो कि यसमा नौवटा देवहिरुको उपासना गरिन्छ र यसैलाई नवरात्र पनि भनिन्छ । यी महादेवीहरुमा प्रथम महादेवीको नाम शैलपुत्री छ भने दोश्रो ब्रह्मचारिणी हुन । तेश्रो चन्द्रघण्टा नामले प्रसिद्ध छन भने चौथो कुश्माण्डा हुन र पाँचौ स्कंदमाता कहलाउछिन र छैठो कात्यायनी सातौं कालरात्री हुन । आठौं महागौरी हुन भने नवौं सिद्धिदात्री नामले प्रसिद्ध छिन । यिनीहरुलाई प्रत्येक दिन उपासना अर्चना गर्ने भिन्न भिन्न विधान रहेको छ ।

यी नवौं महादेवीहरुको उत्पति विभिन्न कारणले असत्य माथि सत्यको विजयकोलागि दानव माथि देवताहरुले विजय प्राप्त गर्न अर्थात आसुरी शक्ति माथि दैवी शक्तिको विजयको लागि मानिएको छ ।

आदि शक्तिलाई जहाँ विजय प्रदायिनी भनिएको छ उनी मातृशक्तिको रुपमा पनि पूजित छिन । (मातृ रुपेण संरस्थिता) मानव सभ्यताको आदिकालमा भनौ भने देवीहरुको कल्पना मातृशक्तिको रुपमा प्रमुख रुपमा प्रतिष्ठा पाएकी देखिन्छ । प्रत्येक देवीलाई आमा अथवा माँ भनेर सम्बोधन गरिन्छ । विश्वका अन्य भागहरुमा पनि यस परम्पराको विकास रहेको देखिन्छ ।

अष्ट्रियाको बेलोन्डार्फ र फ्रान्सको लसेलको चित्रांकन जो इशा पूर्व २५००० का छन देवी भेनसको चित्र अंकित छ । दुवै चित्रहरु नांगो देखाइउको छ जो मातृशक्तिको प्रतीक हो । यिनीहरुलाई जनमदायिनी देवीको रुपमा पुजित रहेकी पाइन्छ ।


मेसोपोटामिया जो वर्तमान इराकको मध्यमा थियो त्यस ठाउँको सम्भयता विश्वको प्राचीनतम सभ्यताहरुमा मानिएको छ । यो युफ्रेटस र टीग्रसि नदीको बीचमा परद थियो , यस ठाउँकी देवी अनन्ना थिइन जो त्यहाँ अत्यन्त आदरणीय एवं पूजित थिइन । उनी हामीहरु की दुर्गा सदृश थिइन र सुमेरहरुद्वारा बज्रघाती, आँधी बेरी, संध्या र विहानको साथै प्रलयंकारी डराबना देवी मानिएकी थिइन । सुमेरहरु उनलाइ विजय की देवी पनि मान्ने गरेका थिए । यिनी पनि मातृशक्ति (न्यममभकक याँभचतषष्तिथ) रुपमा समादृत थिइन ।

मेसोपोटामिया सदृश प्राचीन मिश्रमा पनि देवी देवताहरुलाई पूजने प्रथा थियो । यस ठाउँमा मात (ःबबत) सत्यकी देवी मानिएकी थिइन र राजाहरु पनि उनकै आदेश मानेर शासन व्यस्था गर्दथे । मिश्रमा मातृशक्तिको रुपमा देवी आइसिस (क्ष्कष्क) पनि प्रतिष्ठित थिइन ।

त्यस्तै रामायणमा स्वर्णमृग र सीताहरणका प्रसंग छ राम र लक्ष्मण आश्रममा हुँदा सीताको हरण हुन सक्दैन थियो मारीचलाई स्वर्ण मृगको रुपमा रावणद्वारा पठाइएइको थियो । महिलाहरु स्वभाविक रुपमा स्वर्ण देखेपछि त्यस तर्फ आकर्षित हुन्छिन, त्यो व्यवहार आजको महिलाहरुमा विध्यमान देखिन्छ । यसै कारणले होला रावणले यो चाल रचेको हुन सक्छ । तर मारिचले रावणको आदेश मान्नु भन्दा पूर्व नै भनेको थियो- लालदासको "रमेश्वर चरित मिथिला रामायण' मा यसरी उल्लेख भएको छ मारीचको कथन- "थिकथि स्वयं नारायण राम

लक्ष्मी त्रिगुण सीता वाम
तनिक अनिष्ट मनहु जनि करिय
जौ निश्चिर कुल कुशल विचारिय ।"

पंचवटीमा मारीचको स्वर्ण मृगको रुपमा आउनु भन्नु लंकाको विनाशको वातावरण तैयार हुनु हो । महादेवी सीतालाई रावणले हरण गरी लंका लै जान्छ । महादेवी सीता लंका प्रवेश गर्छिन र लंकाको र रावणको वंशको विनाश प्रारम्भ हुन्छ । यो कुरा रावण की रानी मन्दोदरीले पनि रावणलाई सम्झाउँदा भनेकी थिइन कि सीताको लंकामा प्रवेश लंका र रावण वंशको विनाशको प्रारम्भ गरेको छ जो रावणको व.शको अन्तसम्म चल्छ त्यसैले सीतालाई फर्काइदेउ । महादेवी, महाशक्ति स्वरुपा सीताको लंकामा प्रवेश विना राक्षस कुलको नाश सम्भव थिएन र त्यसैले सताको प्रवेश लंकामा हुन्छ । यही नै हो नारी शक्तिमा मातृशक्तिमा अपराजेय शक्तिको स्वरुप । त्यसैले यस शक्तिको पूजाको उपासनाको परम्परा विश्वभरी नै प्रचलित रहेको छ ।



**एमाले अध्यक्ष ओली**ः नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली शनिबार विराटनगरमा विमानस्थलमा मुलुकको समसामयिक विषयमा सञ्चारकर्मीहरुसँग कुराकानी गरेका थिए। *तस्विर : रासस*

# नेकपा एमाले म्याराथन दौडिने पार्टी होः अध्यक्ष ओली

मोरङ । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा राष्ट्रिय पार्टी भनेको एमाले मात्र भएको बताउनुभएको छ।

विराटनगर विमानस्थलमा आज सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानी गर्दै उहाँले राष्ट्रिय पार्टी भएकाले सबैको आकर्षणको केन्द्र र विभिन्न पार्टी परित्याग गरेर एमाले प्रवेश गर्ने लहर चलेको प्रष्ट पार्नुभयो । अध्यक्ष ओलीले भन्नुभयो, "निर्वाचन लड्ने आँट एमाले मात्र गर्छ, यो रिले रेस होइन म्याराथन दौडिने पार्टी हो।"





उहाँले यो ढोडको लौरो टेक्ने पार्टी होइन आफ्नै खुट्टामा भर परेर हिंड्ने पार्टी भएकाले आगामी निर्वाचनमा बहुमत ल्याउने जिकिर गर्नुभयो। अध्यक्ष ओलीले एमालेको एजेण्डाले देश, जनता, शान्ति, सुव्यवस्था, भ्रष्टाचार नियन्त्रण, विकास र जनताको सेवा एवं हितलाई सम्बोधन गर्ने भएकाले निर्वाचनमा जनताले यसैको पक्षमा मतदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा केही सिटमा अन्य विचार मिल्ने पार्टीसँग सहमति कायम हुनेसक्ने बताउनुभयो। एक प्रश्नको जवाफमा अध्यक्ष ओलीले बर्तमान कामचलाउ सरकारले संसद् नभएका समयमा दूरगामी महत्वका अध्याधेश ल्याउनु गलत हो भन्नुभयो।

उहाँले यो सरकारको काम दैनिक कामकाज सञ्चालन गर्नु र शान्तिपूर्ण ढङ्गले निर्वाचन सम्पन्न गर्नु मात्र भएको विचार व्यक्त गर्नुभयो । अध्यक्ष ओली यस पार्टीले अहिलेसम्म आगामी निर्वाचनका लागि उम्मेदवारको अन्तिम छनोट नगरेकाले बाहिर आएको विभिन्न थरीका हल्लामा कुनै सत्यता नभएको प्रष्ट पार्नुभयो ।रासस

# 'कालोबजारी नियन्त्रण गर्न उपभोक्ता सचेत हुनुपर्छ'

काठमाण्डु । कुनै पनि किसिमका अनियमितता, ठगी र अखाद्य सामग्रीको प्रयोगबाट बच्न उपभोक्ता आफैँ सचेत हुनुपर्ने विज्ञ एवं सरोकारवालाले जोड दिएका छन्। उपभोक्ता जागरण अभियानको प्रथम साधारणसभाका सहभागी वक्ताले विशेषगरी चाडपर्वको मौका पारेर व्यापारी उपभोक्तालाई महँगोमा वस्तु तथा सेवा बिक्री गर्न तल्लीन हुने भन्दै गुणस्तरीय खाद्य वस्तु र सामग्रीको उपभोग र कालोबाजरी नियन्त्रण गर्न उपभोक्ता जागरुक र जिम्मेवार बन्नुपर्ने बताए।





दसैं, तिहार, छठलगायत महत्वपूर्ण चाडपर्वमा मात्रै होइन अन्य समयमा पनि मारमा उपभोक्ता पर्ने गरेको भन्दै अनुगमनकारी निकाय र उपभोक्ताकर्मीले उपभोक्ताका हितका लागि एकताबद्ध अभियान सञ्चालन गरिनुपर्ने उनीहरूको सुझाव छ। कार्यक्रममा पूर्वसचिव कृष्णहरि बाँस्कोटाले बजारमा विकृति र विसङ्गति बढेकाले उपभोक्ता अधिकारवादी र नियमन तथा अनुगमनकारी निकाय सक्रिय ढङ्गले लाग्नुपर्ने खाँचो औंल्याउनुभयो। उहाँले बजारमा बढ्दो अनियमितता र कालोबजारी नियन्त्रण गर्न उपभोक्ता सचेत र जागरुक बन्नुपर्ने बताउनुभयो।

पूर्वसचिव बाँस्कोटाले भन्नुभयो, "बजारमा दण्डहीनताको अवस्था बढेको छ। यसको मारमा उपभोक्ता छन् त्यसैले संविधानले सुनिश्चित गरेको उपभोक्ता अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायले ध्यान दिनुपर्छ, यसमा आम उपभोक्ता पनि सचेत र जागरुक हुन जरुरी छ। उहाँले उपभोक्ताले बजारमा वस्तु तथा सामग्री खरिद गर्दा उत्पादन मिति, मूल्यसूचीलगायत विषयमा सचेत हुनुपर्ने बताउनुभयो।

पूर्वसचिव डा हरि दाहालले उपभोक्ता अधिकारको सुनिश्चितताका लागि उपभोक्ता अधिकारकर्मी र नियमनकारी निकायले सचेतना अभिवृद्धि गर्दै अनुगमन कार्यलाई वर्षैभरि सञ्चालन गर्नुपर्ने खाँचो औंल्याउनुभयो।

वाणिज्य विभागका निर्देशक भेषबहादुर कुँवरले उपभोक्ताको अधिकारका लागि विभागले स्रोत साधन र जनशक्तिले भ्याएसम्म बजार अनुगमन र गुणस्तर अभिवृद्धिमा लागिपरेको उल्लेख गर्दै यो अभियानमा उपभोक्ता अधिकारकर्मी तथा उपभोक्ताले सहयोग गर्नुपर्छ भन्नुभयो।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले उपभोक्ताको हकहित संरक्षण र जागरणका निम्ति सरोकारवाला निकाय एवं संस्था एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो । कृषि बाली व्यवसाय प्रवर्द्धन संस्था नेपालका अध्यक्ष मोहनबहादुर थापा, सामाजिक अभियन्ता रमेशकुमार पौडेललगायतले उपभोक्तालाई जागरण गर्ने र विक्रेतालाई सचेत गर्ने कार्यमा उपभोक्ताकर्मी लाग्नुपर्नेमा जोड दिनुभयो । मञ्चका अध्यक्ष कृष्णप्रसाद भण्डारीले उपभोक्ता आफैँ सचेत नभएसम्म बजार स्वस्थ नहुने भन्दै उपभोक्तामा जागरण फैलाउन अधिकारकर्मी एक भएर लाग्नुपर्ने बताउनुभयो।

**भण्डारीको अध्यक्षतामा नयाा कार्यसमिति**

साधारणसभाले महासचिव चिन्तामणि पराजुली र कोषाध्यक्ष केशवप्रसाद चौलागाईंको प्रतिवेदन पारित गरेको थियो।यस्तैसाधरणसभाबाटकृष्णप्रसाद भण्डारीको नेतृत्वमा मञ्चको नयाँ कार्यसमितिसमेत चयन भएको छ। मञ्चको उपाध्यक्षमा सुशीलाकुमारी दबाडी सुवेदी, राजेन्द्रकुमार घिमिरे, रोहितकुमार दाहाल र महासचिवमा चिन्तामणि पराजुली, सचिवमा केशवप्रसाद शर्मा र शान्ता घिमिरे, सहसचिवमा बद्रीविशाल घिमिरे र कोषाध्यक्षमा केशवप्रसाद चौलागाईं तथा सदस्यमा लक्ष्मण थापा र रामबाबु दाहाल रहनुभएको छ।रासस

# सामुदायिक भवन भत्काएपछि बालेनको पुत्ला दहन

**टुडे समाचारदाता**

काठमाण्डु । महानगरपालिकाले थायमदु (बांगेमुढा)मा रहेको त्वाः छें (सामुदायिक भवन) भत्काएपछि मेयर बालेन शाहको पुत्ला दहन गरेको छ । शुक्रबार काठमाण्डु-२५ मा रहेको उक्त भवन भत्काएपछि शनिबार आन्दोलित स्थानीयले मेयर शाहको पुत्ला दहन गरेका छन्।

महानगरले २४ घण्टे अल्टिमेटम दिएर स्थानीयमाथि बल प्रयोग गरी भवन भत्काएपछि स्थानीय आक्रोशित बनेका छन् । शनिबार नै नेवाः देय् दबूले विज्ञप्ति जारी गर्दै यस घटना निन्दनीय भएको बताएका छन् । मंका खल, आदिवासी जनजाती संघ लगायत नेवाः समुदायसँग आबद्ध संघ संस्थाहरूले प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीले यो विरोध जारी नै रहने जनाएका छन्। उनीहरूले रिस्टोर त्वाःछें भनेर अभियान समेत सञ्चालन गरेका छन्।

विदाको अवधि भर सबैले त्वाःछेंको तस्बिर सामाजिक सञ्जालमा राखेर पुनर्स्थापनाको माग गर्ने प्रदर्शनकारीले बताएका छन्। उनीहरूले शनिबार बांगेमुढा, नरदेवी, क्षेत्रपाटी, थहिति लगायत घुमेर मसाल जुलुस समेत निकालेका थिए।





यसरी शुक्रबार काठमाण्डुं महानगरको डोजर पहिलो पटक कोर क्षेत्रमा पर्ने बांगेमुढामा पसेर सामुदायिक भवन भत्काएको एक सहभागी बताउँछन्। यसरी कोर क्षेत्र भित्रै पस्न थालेपछि यसले अरू पनि भत्काउन सक्ने भन्दै विरोध प्रदर्शन गर्नुपरेको प्रदर्शनकारी बताउँछन्। 'सहमतिका लागि तयार हुँदाहुँदै र सो सम्बन्धी मुद्दा अदालतमा विचाराधिन रहेको अवस्थामा सो भवन भत्काउने कार्य निन्दनीय ठहर्छ,' दबूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दसैं विदाको एकदिन अगाडि २४ घण्टे अल्टिमेटम दिएर भवन भत्काउन डोजरसहित आएर श्वेत आतंक मचाउनु भर्त्सना योग्य छ।'

दबूले अहिले वार्ता गरी सहमति गर्नु नै आवश्यकता भएको जनाएको छ। यस्तै यस्ता उत्तेजक गतिविधिबाट अप्रत्याशित र अनियन्त्रित प्रतिरोधलाई मलजल तयार गर्न सक्ने कुरामा पनि महानगरलाई सचेत रहन दबूको सुझाव छ। दबूका अनुसार सयौं वर्ष अघिदेखि समुदायले उपभोग गरी आएको जग्गामा टोल समाजको सामूहिक पहल र लगानीमा झण्डै ५० वर्ष अगाडि सामुदायिक भवन निर्माण भएको थियो । 'सामुदायिक भवन निर्माण पश्चात सो भवनको रेखदेखका लागि त्वाःछें परिवार गठन भई संरक्षणको काम भइआएको हो। र सो भवनबाट हुने स्थानीय सांस्कृतिक, सामाजिक तथा निर्माण कार्यमा खर्च गरी वार्षिक रुपमा लेखापरिक्षण गराइ सार्वजनिक गर्ने काम भइ आएको हो।'

यसअघि त्यही भवनमा वडा कार्यालय समेत राखिएको दबूले उल्लेख गरेको थियो। यसैगरी बालाजु-बाइपास सडक विस्तार पीडित संघर्ष समितिले पनि उक्त कामको विरोध जनाएको छ। यही ठाउँमा इतिहास कोर्ने कामहरू भएको र महानगरले यसलाई भत्काएको भन्दै समितिले आपत्ति जनाएको हो। उक्त त्वाःछें सोही ठाउँमा पुनर्निर्माण होस् भन्दै माग समेत गरेको छ।

# निर्वाचन अधिकृत कार्यालयको स्थापना सुरू

**टुडे समाचारदाता**

काठमाण्डु। मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना सुरू भएको छ।

निर्वाचन आयोगका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय स्थापनाको क्रम शनिबारदेखि सुरू भएको छ । असोज २० गतेभित्र सबै निर्वाचन क्षेत्रमा कार्यालयहरू स्थापना भइसक्ने आयोगले जनाएको छ।

# गुड्दागुड्दै बसमा आगलागी



खोटाङ । हलेसी तुवाचुङ नगरपालिका-१ बाहुनीडाँडास्थित कदुवा नजिकैको घुम्तीमा गुडिरहेको बसमा आगलागी भएको छ। काठमाण्डुबाट यात्रु लिएर खोटाङतर्फ आइरहेको बा३ख ८९८१ नंको यात्रुवाहक बसमा आज साँझ एक्कासी आगलागी भएको हो।

बसमा आगलागी हुँदा कुनै मानवीय क्षति भने नभएको घटनास्थलमा पुगेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गुडिरहेको बसमा एक्कासी आगलागी हुँदा बससहित बसमा भएका सामान जलेर नष्ट भएको छ। बसमा आगलागी भएपछि त्यसमा सवार यात्रु अलपत्र परेका छन्।

बसमा ३२ यात्रु सवार थिए। उनीहरूलाई गन्तव्यसम्म पुऱ्याउन दिक्तेलबाट अर्को बस पठाउने तयारी भइरहेको खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङ्माङले जानकारी दिनुभयो। गुड्दै गरेको बसको इन्जिनबाट आगो निस्केको यात्रुले बताएका छन्।

आगलागी भएको बस पुरानो भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक रामबालक रायले जानकारी दिनुभयो।रासस

# उपचारका क्रममा रहेका दुई कैदीबन्दी फरार

मोरङ। क्षयरोगको उपचारमा रहेका दुई कैदीबन्दी आज फरार भएका छन्।

नेपाल क्षयरोग निवारण संस्था विराटनगरमा-७ मा उपचारका क्रममा रहेका झापाको सरणामतीका २८ वर्षीय राजकुमार हेमरम र सोही जिल्ला बिर्तामोडका २८ वर्षीय मन्जिल गुरुङ फरार भएका हुन्।

*जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले फरार कैदीबन्दीलाई सीमानाकासहित अन्य स्थानमा खोज गरिरहेको श्रेष्ठले बताउनुभयो।*

जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठका अनुसार उपचार गरिरहेकै बेला दुवै जना फरार भएका हुन्। हेमरम जबर्जस्ती करणी मुद्दाअन्तर्गत १६ वर्ष कैद सजाय पाएका कैदी हुन् भने गुरुङ लागुऔषध मुद्दामा पुर्पक्षका लागि कारागार चलान गरिएका कैदीबन्दी हुन्।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले फरार कैदीबन्दीलाई सीमानाकासहित अन्यस्थानमा खोज गरिरहेको श्रेष्ठले बताउनुभयो। कैदीको सुरक्षामा खटिएका दुई प्रहरीमाथि आवश्यक सोधपुछ एवं छानबिन भइरहेको प्रहरीले जनाएको छ।रासस

# करिब सात सयको नाम सिफारिस

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को सबै जिल्ला समितिले प्रत्यक्ष उम्मेदवारमा करिब सात सयजनाको नाम सिफारिस गरेको छ।

उम्मेदवारको सम्बन्धित निर्वाचन क्षेत्रमा कायम रहेको लोकप्रियता, पार्टी सङ्गठन सुदृढीकरणमा गरेको योगदानका आधारमा सिफारिस भएर आएका नामबाट योग्य उम्मेदवार छनोट गरिएको पार्टीका केन्द्रीय सदस्य राजाराम श्रेष्ठले जानकारी दिनुभयो।



प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको निर्वाचनका लागि करिब सात सय उम्मेदवारको नाम सिफारिस भएको छ। पार्टीले समान विचार भएका राजनीतिक दल तथा समूहसँग एकीकरणका साथै गठबन्धन गर्न केही दलसँग औपचारिक तथा अनौपचारिक छलफलसमेत सुरु गरेको छ।

उक्त पार्टीले नेकपा (एमाले)सँग पनि चुनावी गठबन्धनका लागि वार्ता गरिरहेको जनाएको छ। गठबन्धनका लागि सिट बाँडफाँट भएपछि मात्र पार्टीले प्राप्त गर्ने सिट र क्षेत्र निर्धारणका आधारमा उम्मेदवारलाई टिकट वितरण गरिने नेता सुन्दर पाण्डेले जानकारी दिनुभयो।रासस

# आयोगको निर्णय सच्याउन माग

काठमाण्डु । समाजवादी प्रेस सङ्गठनले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रकाशित सामग्री अनुगमन गर्न नेपाली सेना, नेपाल प्रहरीको साइबर ब्यूरोसमेत सम्लग्न गराई संयन्त्र निर्माण गर्ने निर्वचन आयोगको निर्णयप्रति आपत्ति प्रकट गरेको छ।

समाजवादी प्रेस संगठन

समाजवादी प्रेस सङ्गठनका महासचिव भूपराज खडकाले एक विज्ञप्तिमा जारी गर्दै संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सङ्कुचन गर्ने नियतका साथ संयन्त्रमा सेना र प्रहरीलाई संलग्न गराउने आयोगको निर्णय लोकतान्त्रिकपद्धति अनुकूल नभएको उल्लेख गरिएको छ।



**स्क्वायरमा विरोध प्रदर्शन**
इराकी सरकार विरोधी प्रदर्शनकारीहरूले इराकको राजधानी बगदादको मध्यभागमा रहेको तहरीर स्क्वायरमा भएको विरोध प्रदर्शनमा भाग लिँदा राष्ट्रिय झण्डा फहराउँछन्। *तस्विर : एएफपी*

# २० गते नेपाल फर्किएर सन्दीप लामिछानेले आत्मसमर्पण गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । बलात्कार आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेले आत्मसपर्पण गर्ने बताएका छन् ।



एक किशोरीले बलात्कारको जाहेरी दर्ता गराएपछि विदेशमै लुकेका लामिछानेले शनिबार बिहान एक वक्तव्य जारी गर्दै नेपाल फर्किएर आत्मसपर्पण गर्ने बताएका छन् ।सामाजिक सञ्जाल फेसबुकमार्फत लामिछानेले अक्टोबर ६ अर्थात यही असोज २० गते नेपाल फर्किने बताएका छन् ।

'ठूलो आशा र शक्तिका साथ म यही अक्टोबर ६ मा नेपाल आउँदैछु र झुटो आरोपविरुद्ध कानुनी लडाइँ लड्नका लागि नेपाल सरकारसमक्ष आत्मसमर्पण गर्नेछु,' उनले लेखेका छन् । उनले आफू निर्दोष भएको बताउँदै चाँडै न्याए पाउने विश्वास व्यक्त गरेका छन् । उनले आफूमाथिको षडयन्त्रको समसँगै पर्दाफास हुने दाबी पनि गरेका छन् ।

केही समय सम्पर्कविहीन भएका लामिछानेले पछिल्लो पटक आफू तनावमा भएकोले आइसोलेसनमा बसेको बताए ।उजुरी दर्ता भएयता लामिछाने प्रहरीको फरार सूचीमा दर्ज भएका छन् । क्यारेबियन लिगका लागि जमैका गएका लामिछाने नेपाल नफर्केपछि प्रहरीले उनीविरुद्ध अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलले डिफ्युजन नोटिससमेत जारी गरेको छ ।

# टर्कीद्वारा युक्रेनका प्रान्तको रुसमा विलयलाई अस्वीकार

**एएफपी**

इस्तानबुल । टर्कीले शनिबार रुसले युक्रेनी चार प्रान्त गाभ्नु अन्तरराष्ट्रिय कानूनको "गम्भीर उल्लङ्घन" भएको भन्दै द्वन्द्व अन्त्य गर्न वार्ताको लागि आह्वान गरेको छ ।



सन् २०१४ मा क्रिमियालाई गाभेको रुसले शनिबार लुगान्स्क, डोनेस्क, खेर्सन र जापोरिज्जियालाई आफ्नो क्षेत्रको हिस्सा घोषणा गरेपछि अङ्काराले रुसले सन् २०१४ मा गरेको क्रिमियालाई मान्यता नदिएको विदेश मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। टर्कीले २०१४ मा एक अवैध जनमत सङ्ग्रहका नाममा रूसले क्रिमिया गाभेको भएपनि टर्कीले मान्यता नदिएको र हरेक अवसरमा युक्रेनको क्षेत्रीय अखण्डता, स्वतन्त्रता र सार्वभौमिकतालाई बलियो समर्थनमा जोड दिएको टर्कीको दाबी छ।

त्यसैगरी टर्कीले युक्रेनका केही भाग हिजोमात्र रुसले गाभेको दाबीलाई अन्तरराष्ट्रिय कानूनको स्थापित सिद्धान्तको विपरीत रहेको जनाएको छ ।

नेटो सदस्य टर्कीले सात महिनाको द्वन्द्वमा तटस्थ रहन प्रयास गरेको छ र रुस विरुद्ध पश्चिमी प्रतिबन्धमा सामेल हुनबाट जोगिएको छ ।

टर्की रूसी तेल र ग्यासमा निर्भर छ जबकि टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान मस्कोसँग व्यापार बढाउन इच्छुक छन् किनभने उनले अर्को जुनमा हुने चुनावअघि खस्किएको अर्थतन्त्रलाई स्थिर पार्ने प्रयास गरिरहेका छन् ।

एर्दोगानले गत महिना उज्बेकिस्तानमा भएको क्षेत्रीय शिखर सम्मेलनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गरेका थिए ।

टर्कीले संयुक्त राज्य अमेरिकाबाट बारम्बार चेतावनी प्राप्त गरेपछि रुसको मिर भुक्तानी प्रणाली प्रयोग गरी गरिएको प्रशोधन लेनदेन बन्द गर्ने कि नगर्ने भनेर नविचार गरिरहेको छ ।

# समस्या आएको भन्दै रूसद्वारा ग्यास निर्यातमा रोक

**एएफपी**

रोम । रूसको ग्याजप्रोमले अस्ट्रियामा यातायात समस्या भएको भन्दै इटालीको एनीमा गर्दै आएको ग्यास आपूर्ति स्थगन गरेको इटालियन ऊर्जा कम्पनीले शनिबार जनाएको छ ।

ग्याजप्रोमले हामीलाई अस्ट्रियामार्फत ग्याँस ढुवानीको असम्भवतालाई उद्धृत गर्दै आजका लागि माग गरिएको ग्यासको आपुर्ति गर्न असम्भब भएको बताएको छ,' एनीको स्थानीय प्रशासनद्वारा जारी एक विज्ञप्तिमा जनाएको छ ।

"फलस्वरूप, टार्भिसियो प्रवेश बिन्दु हुँदै एनीमा जाने रुसी ग्यास प्रवाह शून्य हुनेछ,' विज्ञप्तिमा भनिएको छ । इटालीमा वितरण गरिएको अधिकांश रूसी ग्याँस ट्रान्स अस्ट्रिया ग्यास पाइपलाइन (ट्याग) मार्फत युक्रेन हुँदै अस्ट्रियाको सीमामा उत्तरी इटालीको टार्भिसियोमा जान्छ ।

युक्रेनमा युद्ध हुनुअघि इटालीले आफूले खपत गर्ने ग्यासको ९५ प्रतिशत आयात गरेको थियो । निवर्तमान प्रधानमन्त्री मारियो ड्राघीले रूसमा इटालीको निर्भरता घटाउन अन्य ग्यास उत्पादकहरूसँग नयाँ सम्झौतामा हस्ताक्षर गरेका छन् । एनीका लागि हुँने ग्यास आपुर्ति जूनमा २५ प्रतिशतमा झरेको छ । प्रशासनले रूसी ग्यासको विकल्पमा नवीकरणीय ऊर्जातर्फको परिवर्तनलाई गति दिएको छ ।

# विश्व बैंकले युक्रेनका लागि ५३ करोड अमेरिकी डलर सहयोग गर्ने

**एएफपी**

वासिङ्टन । विश्व बैंकले युक्रेनका लागि ५३ करोड अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको छ ।

विश्व बैंकले युक्रेनलाई 'रुसको आक्रमणबाट सिर्जित अत्यावश्यक आवश्यकता पूरा गर्न' ५३ करोड अमेरिकी डलर को पूरक आर्थिक सहयोग गर्ने घोषणा गरेको हो ।

पुनर्निर्माण तथा विकासका लागि अन्तर्राष्ट्रिय बैंकबाट प्राप्त हुने नयाँ ऋणका रूपमा बेलायतले ५० करोड अमेरिकी डलर र डेनमार्कले बाँकी तीन करोड अमेरिकी डलर सहयोग गर्ने विश्व बैंकले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

विश्व बैंकका युरोप तथा मध्य एसिया क्षेत्रीय उपाध्यक्ष अन्ना बजेर्डेले भन्नुभयो,"युक्रेनमा विनाश, क्षति र विस्थापनको सङ्ख्या अनपेक्षित छ र यो अझै बढ्दै गइरहेको छ ।'

युक्रेनी जनताको पुनरुत्थानको लागि लामो बाटो छ र विकास साझेदारहरूले युक्रेनको पुनर्निर्माणमा सहयोग गर्न एक साथ आउन जारी राख्नुपर्छ ।

विश्व बैंकको अनुमानअनुसार युक्रेनको पुनर्निर्माण र पुनर्स्थापनाको लागत आगामी तीन वर्षमा १०० अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । युक्रेनका लागि आपतकालीन कोषका लागि करिब १३ अर्ब अमेरिकी डलर परिचालन गरिसकेको र त्यसमध्ये ११ अर्ब अमेरिकी डलर वितरण भइसकेको बैंकले जनाएको छ ।

अमेरिकी संसद (कङ्ग्रेस) ले युक्रेनका लागि १२ अर्ब ३० करोड अमेरिकी डलरको नयाँ सहायता प्याकेज स्वीकृत गरेको छ, जसमा तीन अर्ब ७० करोड अमेरिकी डलरका सैन्य उपकरण पनि समावेश छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोको नियन्त्रणमा रहेको युक्रेनका चार वटा क्षेत्रलाई आफ्नो कब्जामा लिएको औपचारिक घोषणा गरेकै दिन नयाँ आर्थिक सहायता प्राप्त भएको हो ।

# बेलायतको रेल सेवामा आन्दोलन सुरू, सेवा प्रभावित

**एएफपी**

लण्डन। बेलायतको रेल सेवा प्रभावित भएको छ। पछिल्लो २४ घण्टादेखि भइरहेको आन्दोलनका कारण सेवा प्रभावित भएको हो ।

रेल सेवामा कार्यरत कर्मचारीहरूले योभन्दा अगाडि नै आन्दोलन गर्ने तयारी गरेपनि बेलायतकी महारानी एलिजावेथ द्वितीयको निधन भएकाले रोकिएको थियो । उनीहरूले अहिले महारानीको शोक अवधि सकिएपछि आन्दोलन सुरु गरेका हुन् । रेल सेवाका कर्मचारीहरूको चार ओटा सङ्गठनले महारानीको शोकका कारण केही समय आन्दोलन स्थगित गरेका थिए ।

कर्मचारीहरूले बजार मूल्य अनुसार आफूहरूको तलव सहितका सेवा सुविधा बृद्धि नगरिएको भन्दै आन्दोलन सुरु गरेका हुन् । उनीहरूले यसअघि पनि आफूहरूको पारिश्रमिक वृद्धि गर्न पटक पटक माग गर्दै आएको, तर व्यवस्थापनले वेवास्ता गरेकाले अप्रिय र कठोर आन्दोलनमा उत्रिनु परेको बताएका छन् ।

अहिलेको आन्दोलन एक दशक यताकै सबैभन्दा ठूलो रहेको र यसले धेरै क्षेत्रलाई प्रभावित पारेको बताइएको छ ।

आन्दोलनका कारण विभिन्न क्षेत्रमा असर परेकोप्रति आन्दोलनकारीहरूले भने दुःख व्यक्त गर्दै आफूहरूको बाध्यतालाई बुझिदिन आग्रह गरेका छन् ।

# युक्रेनका केही भाग गाँभ्ने रुसी निर्णयको अमेरिकाद्वारा तीव्र आलोचना

**एएनआई**

पेरिस । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले शुक्रबार युक्रेनी भू-भाग रुसद्वारा गाभिएको कार्यको निन्दा गर्दै यसलाई अन्तरराष्ट्रिय कानून र युक्रेनी सार्वभौमसत्ताको गम्भीर उल्लङ्घन भएको बताएका छन् ।

उनले यो कदमको फ्रान्सले विरोध गरेको र आफ्नो भू-भाग फिर्ता लिन रुस विरुद्धको युद्धमा युक्रेनको साथमा रहेको समेत प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले ट्वीट गर्दै लेखेका छन्,- रुसको चार युक्रेनी क्षेत्र गाँभ्ने कदम अवैध भएको, यसले अन्तरराष्ट्रिय कानून र युक्रेनी सार्वभौमिकताको गम्भीर उल्लङ्घन" गरेको बताएका छन् ।

"फ्रान्सले यसको विरोध गर्दछ, रुसी आक्रमणको सामना गर्न र युक्रेनलाई आफ्नो सम्पूर्ण भू-भागमा पूर्णस्वामित्व स्थापित गर्न, सार्वभौमसत्ता पुनःप्राप्त गर्ने कदममा युक्रेनको साथमा उभिनेछ," उनले ट्वीटरमा लेखेका छन् ।

**रुसी कदमको पश्चिमबाट व्यापक आलोचना**

राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको चार क्षेत्रलाई विलय गर्ने घोषणा गरेपछि संयुक्त राज्य अमेरिकाले शुक्रबार रुसलाई "छिटो र गम्भीर मूल्य" चुकाउनुपर्ने चेतावनी दिएको छ ।

उक्त कदमलाई "अवैध" भन्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले सधैं युक्रेनको अन्तरराष्ट्रिय मान्यता प्राप्त सिमानाको सम्मान गर्ने र सैन्य र कूटनीतिकरूपमा आफ्नो देशलाई बलियो बनाएर आफ्नो क्षेत्रको नियन्त्रण पुनःप्राप्त गर्ने युक्रेनी प्रयासलाई समर्थन जारी राख्ने बताएका छन् ।

# रुपैयाँको भाउ निरन्तर ओरालो

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानी रुपैयाँ अमेरिकी डलरको तुलनामा लगातार ओरालप लागेको छ ।

अन्तरबैङ्क बजारमा ०.५० प्रतिशतभन्दा बढी मूल्याङ्कन गरेको स्टेट बैङ्क अफ पाकिस्तान (एसबीपी)ले जनाएको छ ।

ग्रीनब्याकले पछिल्लो पाँच व्यापार सत्रमा रुपैयाको तुलनामा यसको मूल्यको प्रतिशतभन्दा बढी गुमाएको छ ।

सोमबार विदेशी मुद्रा २३७.०२ रुपैयाँमा बन्द भएको तथ्याङ्कले देखाएको छ ।

# इरानमा सरकार विरोधी प्रदर्शनमा १९ को मृत्यु

**एएनआई**

वासिङ्टन । इरानमा एक २२ वर्षीय युवकको मृत्युलाई लिएर देशमा शुरु भएको सरकार विरोधी प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीचको भएको घातक झडपमा शनिबार १९ जनाको मृत्यु भएको छ ।

कुर्दिश महिला, महसा अमिनी अनुचित पोशाक लगाएको आरोपमा उनको गिरफ्तारपछि प्रहरी हिरासतमा मृत्यु भएको थियो ।

इरानको सरकारी समाचार एजेन्सी इरनाले सिस्तान र बलुचिस्तानका प्रान्तीय गभर्नर होसेन मोदर्रेस खियाबानीलाई उद्धृत गर्दै उक्त भिडन्तमा १९ जनाको मृत्यु भएको र २० जना घाइते भएको बताएको छ । इरानी प्रदर्शनकारी र प्रहरीबीच दक्षिणपूर्वी इरानमा हिंसात्मक झडप भएको हो ।

इरानको सुन्नी अल्पसङ्ख्यकका उपासकले सिस्तान र बलुचिस्तान प्रान्तको राजधानी जाहेदानमा रहेको मक्की ग्रान्ड मस्जिदमा शुक्रबारको प्रार्थना छोड्दा भिडन्त भएको भ्वाइस अफ अमेरिकाले उल्लेख गरेको छ ।

मस्जिद भित्रबाट खिचिएको एउटा भिडियोमा उपासक बाहिर निस्कँदै गर्दा बाहिर बन्दुक पड्किएको आवाज सुनिएपछि भागदौड मच्चिएको थियो ।

# अमेरिकामा इयान आँधीका कारण मृत्यु हुनेको सङ्ख्या २१ पुग्यो

**एएनआई**

फ्लोरिडा । दक्षिण क्यारोलिनाको तटमा आएको इयान आँधीले शुक्रबारसम्म फ्लोरिडामा मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ। फाइनान्सियल टाइम्सले जनाएअनुसार अमेरिकी राष्ट्रपति जो बाइडेनले यो आँधी "राष्ट्रको इतिहासमा सबैभन्दा खराबमध्येको एक हुन सक्छ" भन्दै यसबाट भएको विनाशको पुनःनिर्माण गर्न महिनौं वा वर्ष लाग्ने बताएका छन्।

शक्तिशाली आँधीले बुधबार दक्षिण-पश्चिम फ्लोरिडाका थुप्रै घर ध्वस्त पारेको छ भने बिजुली प्रवाह अवरुद्ध भएको छ ।

# सन् २०२० पछि ओपेकको बैठक बुधबारदेखि भियनामा सुरू हुने

**एफपी**

भियना। सन् २०२० मा कोभिड-१९ को रोकथामका लागि लगाइएको प्रतिबन्धपछि पहिलो पटक अर्को हप्ता भियनामा ओपेकसहितका राष्ट्रका (ओपेक प्लस) कार्टेलको बैठक हुने भएको छ ।

साउदी अरेबियाको नेतृत्वमा ओपेकका १३ सदस्य राष्ट्र र रुसको नेतृत्वमा रहेका १० सहयोगी राष्ट्रका प्रतिनिधिको सन् २०२० को वसन्त ऋतुपछि बुधबार हुने प्रत्यक्ष बैठक अस्ट्रियाको राजधानीमा पहिलो पटक हुन लागेको हो ।

कच्चा तेलको मागलाई असर गर्ने मन्दीको डरको सामना गर्दै ठूलो उत्पादन कटौतीको अनुमान भइरहेका समय यो भेला हुन लागेको हो ।

रूसले युक्रेनमाथि आक्रमण गरेपछि मार्चमा तेलको मूल्य प्रतिब्यारेल १४० अमेरिकी डलरपुगेको थियो । तर, पछि मन्दीको डरबीच यो घटेर प्रतिब्यारेल ८० डलरमा झरेको छ ।

'ओपेक प्लस'को बैठक भियनामा वर्षमा दुई पटक हुने गरेक्को थियो। तर कोरोनाभाइरस महामारीपछि भिडियो लिंकमार्फत हरेक महिना बैठक गर्रिंदै आएको थियो ।

सन् २०२० मा महामारीका कारण तेलको मूल्यमा गिरावट आएपछि ओपेक राष्ट्रहरूले उत्पादनमा भारी कटौती गर्ने सहमति गरेका थिए तर गत वर्ष बजारमा सुधार आएपछि उत्पादन बढाउन सुरु गरेको थियो ।

# युक्रेनमा रुसी क्षेप्यास्त्र आक्रमणमा परी ३० को मृत्यु, ८८ जना घाइते

**एएनआई**

कीभ । युक्रेनको जापोरिझिया शहरमा शुक्रबार रुसी क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा ३० को मृत्यु भएको छ भने ८८ जना घाइते भएको युक्रेनी अधिकारीलाई उद्धृत गर्दै सीएनएनले जनाएको छ ।

जापोरिझ्झिया क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्जेन्डर स्टारुखले टेलिग्राममा भने, "शत्रुले जापोरिझ्झियाबाट बाहिरिने बाटोमा नागरिक मानवीय काफिलेमा रकेट आक्रमण गरेका छन् ।"

युक्रेनको राष्ट्रिय प्रहरी प्रमुख इहोर क्लाइमेन्कोलाई उद्धृत गर्दै सीएनएनले उक्त हडतालमा मारिनेमा ११ वर्षीया बालिका १४ वर्षीय युवक रहेको बताइएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार औपचारिकरूपमा चार क्षेत्र-डोनेट्स्क, लुहान्स्क, खेर्सन र जापोरिज्जियाको विलयको घोषणा गर्दै सो निर्णय लाखौं मानिसको इच्छा रहेको बताएका छन् ।

मिडिया रिपोर्टकाअनुसार पुटिनले चारवटा गाँसिएका क्षेत्रका बासिन्दा अब रुसकावास्तविक नागरिक हुने बताएका छन् । राष्ट्रपतिले अब नयाँ क्षेत्रको रक्षा गर्ने दायित्व रुसको रहेको बताएका छन् । उनले जनमत सङ्ग्रहको नतिजालाई "लाखौं जनताको इच्छा" पनि भनेका छन् । गत फेब्रअरी २४ मा, डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रले आफ्नो रक्षा गर्न मद्दतको लागि अनुरोध गरेपछि रुसले युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको हो ।

# चाडपर्वमै फुर्सदिला व्यवसायी



सुर्खेत । "बैंकले ऋण दिएको छैन, महँगी आकासिँदा आधारभूत आवश्यकता पूर्ति गर्न नागरिकलाई हम्मेहम्मे परेको छ, यस्तोमा व्यापार हुने आशै छैन," सुर्खेतको वीरेन्द्रनगर स्थित कालिका इम्पोरियमका सञ्चालक देवेन्द्र कोइरालाले भन्नुभयो, "विगतका दसैंमा राम्रै व्यापार हुन्थ्यो, यस वर्ष व्यापार छैन ।" ठूला चाडपर्व सुरु भएसँगै व्यवसाय सुधार हुने कोइरालाको अपेक्षा थियो । "बरु गत वर्ष कोरोना महामारीमा पनि ग्राहकको योभन्दा धेरै चहल-पहल थियो । अहिले दसैं सुरु भइसक्दा पनि खासै व्यापार भएको छैन," उहाँ भन्नुहुन्छ, "अहिले पनि बजार सुनसान छ, व्यापार व्यवसायले गति नलिँदा घाटा दिन दुई गुणा रात चौगुणाले बढेको बढ्यै छ ।"

न्यू सुशील इम्पोरियमका सञ्चालक अनिता कोइराला यसपटक झन् व्यापार घटेको बताउनुहुन्छ। कोरोना सङ्क्रमणको समयमा राम्रो व्यापार भएको बताउँदै कोइरालाले भन्नुभयो, "अहिले त्यो भन्दा पनि व्यापार खस्केको छ, व्यापार बढ्ने अपेक्षा गरेका सबै व्यवसायी निराश हुनुपरेको छ । यसपटक व्यापारमा निकै मन्दी छाएको छ ।" दैनिक बिक्रीको हिसाब हेर्दा पसल कबल भाडा तिर्न पनि कठिन पर्ने अवस्था आएको उहाँले बताउनुभयो । विगत वर्षमा बजारमा लत्ताकपडा लगायत चाडपर्वका लागि अन्य सामान किन्ने उपभोक्ताको भीड हुन्थ्यो, फेन्सी तथा तयारी व्यवसायी दोब्बरभन्दा बढी कारोबार गर्थे । अहिले त्यस्तो अवस्था नरहेको कोइरालाले बताउनुभयो ।

कपडाको व्यापार गर्ने कोइराला अघिल्ला वर्ष कोलिया र पेटीमा ग्राहकको भीड लाग्ने गरे पनि यसपटक पसल सुनसान हुने गरेको बताउनुहुन्छ। बजारको माहोल बुझेर यसपटक उहाँले नयाँ सामान कम हाल्नुभएको छ । "महँगी अकासिँदा आधार भूत आवश्यकता पूर्ति गर्न नागरिकलाई हम्मेहम्मे परेको छ, यस्तोमा व्यापार हुने आशा नै छैन," कोइराला भन्नुहुन्छ । कोरोना सङ्क्रमण कम भएपछि व्यापारमा सुधार हुने अपेक्षा गरेका फेन्सी व्यवसायी अजयकुमार गुप्ता पनि अहिले किनमेल गर्ने घटेको बताउनुहुन्छ। हालसम्म नयाँ सामान ल्याउन नसकेको उहाँले बताउनुभयो । "व्यापार पहिलेभन्दा पनि खस्केको छ", गुप्ता भन्नुहुन्छ, "नयाँ सामान थप्न पैसा उठेकै छैन, बैंकमा जाउँ ऋण पाइँदैन ।"

व्यापार सुस्त बनेपछि गत वर्ष ल्याएका सामान बेच्न नसकेको उहाँले बताउनुभयो । "बैंकले ऋण दिएको छैन। किराना व्यवसायीलाई केही सहज छ, अन्य व्यवसायीलाई समस्या छ। दैनिक उपभोग्य वस्तुको व्यापार भइरहने भएका कारण किराना व्यवसायीलाई त्यति अप्ठ्यारो नहोला। अन्य क्षेत्रको व्यापार भने निराशाजनक छ", गुप्ताले भन्नुभयो । कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगर बजारमा यस वर्ष अपेक्षित कारोबार नभएको व्यवसायी बताउँछन्। चाडपर्व सुरु भइसक्दा बजारमा किनमेल गर्नेको चहलपल कम छ। बजारको कारोबार सामान्य अवस्थाकै जस्तो छ। फुर्सद निकाल्नै हम्मेहम्मे हुनुपर्ने समयमा दसैंकै बेला सोचेजस्तो व्यापार नभएपछि यहाँका व्यवसायी निराश बनेका छन् । विगतका वर्षमा कोरोना महामारीका कारण थला परेको व्यवसाय यो वर्ष राम्रो हुने उनीहरूको आशा थियो । तर, बजारमा अन्य बेलामा जस्तै छिटफुट मात्र कारोबार भइरहेको छ । महँगी बढेकाले पनि ग्राहक कम आएको हुनसक्ने व्यवयासी बताउँछन् । व्यापार नै न्यून हुन थालेपछि व्यवसायीहरूलाई पसल कबल भाडा नै तिर्न हम्मेहम्मे पर्ने अवस्था छ।

"केही वर्ष पहिलेसम्म दसैंतिहारका समयमा व्यवसायीलाई ग्राहकको चापले सामान बेच्न भ्याइनभ्याइ हुन्थ्यो । खाना खाने फुर्सदसमेत हुँदैनथ्यो," सुर्खेत उद्योग वाणिज्य सङ्घका अध्यक्ष लक्ष्मण कँडेलले भन्नुभयो, "व्यवसायी पसल कुरेर हाइ काढ्दै बसिरहेका भेटिन्छन् । चाडबाडका बेला व्यापार सुस्ताएपछि व्यवसायी मर्कामा परेका छन् ।" उहाँका अनुसार व्यवसाय गरेर दिन बिताउनै गाह्रो हुन थालेको छ । आर्थिक मन्दीको असर सबैभन्दा बढी व्यापारमा परेको सङ्घका अध्यक्ष कँडेलले बताउनुभयो । "बैंकले व्यवसायीका लागि ऋण प्रवाह गरेका छैनन्", सङ्घका अध्यक्ष कँडेलले भन्नुभयो, "बैंकले लगानी नगर्दा सामान थप्न पनि कठिनाइ छ ।" विगतका दसैंमा दिनमै एक लाख हाराहारी हुने व्यापार यस पटक ३० हजारको हाराहारीमा खुम्चिएको छ । कर्णाली मलका व्यवस्थापक गणेश ढकालले पनि पर्व भित्रिसक्दा पनि बजारमा चहलपहल नबढेको बताउनुहुन्छ।

अहिले गत वर्षभन्दा २० प्रतिशत व्यापार कम भइरहेको जनाउँदै उहाँले भन्नुभयो, "हरेक क्षेत्रमा आर्थिक सङ्कट छ । व्यापारमा बैंक तथा वित्तीय संस्थाको लगानी छैन । बजार भाउ बढेको बढ्यै छ ।" दसैंमा आफूहरूले १५ देखि २० प्रतिशत छुट दिँदा पनि व्यापार नबढेको उहाँको भनाइ छ । पहिलेजस्तो चाडपर्वको रौनक नहुँदा पनि व्यापार घटेको जानकारहरू बताउँछन् ।

वीरेन्द्रनगर-१२ का ६० वर्षीय लालवीर रावलले पहिलाको तुलनामा दसैं तिहारको रौनक भने घटेको धारणा राख्नुहुन्छ। "अहिले पैसा मात्र हुनुपर्‍यो जतिबेला जे किन्न पनि पाइन्छ । त्यसैले चाडपर्वमा किनमेल गर्नेको घुइँचो नलाग्ने गरेको हो," उहाँले भन्नुभयो । कर्णालीकै प्रमुख व्यापारिक केन्द्र वीरेन्द्रनगरमा ठूला लगानीका व्यापार-व्यवसाय सञ्चालनमा छन् । चाडपर्वमा व्यवसायी उत्साहित छैनन् ।रासस

# उपत्यका छाड्ने बढ्दै, कुन दिन कति बाहिरिए ?



काठमाण्डु । काठमाण्डुको नागढुङ्गामा सवारी साधनको चाप बढेकाले त्यहाँबाट सुरु भएको शनिबार बिहानको जाम थानकोटसम्म आइपुगेका थियो । सवारी साधनको लाम शुक्रबार साँझ पनि उत्तिकै थियो ।

काठमाण्डुको कलङ्की होस् या गौशाला वा अन्य विभिन्न नाकामा त्यसैगरी सवारी साधनको चाप छ। यात्रुको भीड पनि उत्तिकै छ । प्रहरीलाई सवारी साधनको भीड मिलाउन हम्येहम्ये परिरहेको सडकमा देख्न सकिन्छ।

हिन्दूको महान पर्व दसैंको मुख्य दिन नजिकिएसँगै काठमाण्डु उपत्यका छाड्ने नेपालीको सङ्ख्या दिनदिनै बढ्दो छ। अन्य समयमा शनिबार प्रायः खाली हुने काठमाण्डुका सडकमा आज भने सवारी साधनको बाक्लो उपस्थिति छ।

पा क ा / प ु न त ु र ा बोकेर मानिस उपत्यका छाड्न हतारिएका दृष्य विभिन्न क्षेत्रमा देख्न सकिन्छ। टिकट काटेकाहरु सवारीसाधन कुरिरहेका देखिए भने टिकट नकाट्ने यात्रु सिट खाली रहेका सवारी साधनको प्रतिक्षा गरिरहेका भेटिए । सिट नपाएका ट्रक तथा अन्य सवारी साधनमा समेत गइरहेका थिए। पश्चिम नेपाल जान कलङ्की पुग्नुभएकी निर्मला शर्मा टिकट नपाइएकाले सिट खाली भएको गाडीको प्रतीक्षा गरिरहेको बताउनुभयो।

काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार दसैं सुरु भएपछि घटस्थापनादेखि क्रमशः बाहिरिने यात्रुको चाप बढिरहेको छ । त्यसदिन ६० हजार यात्रुले उपत्यका छाडेका थिए।

बिहीबार ७१ हजार सात सय यात्रुले उपत्यका छाडेकामा शुक्रबार उपत्यका छाड्नेको सङ्ख्या ८४ हजार रह्यो। आज भने त्यसको तुलनामा दोब्बर (दुई लाख) बढीले उपत्यका छाड्ने अनुमान गरिएको कार्यालयका सहप्रवक्ता प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले जानकारी दिनुभयो। शनिबार साँझसम्म झण्डै पाँच लाख मानिसले उपत्यका छाडेने उहाँको अनुमान थियो । काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार प्रहरीको अभिलेखभन्दा बाहिर रिजर्व गरेर विभिन्न नाका हुँदै जाने र निजी सवारीमा जानेको सङ्ख्या यकीन नभएकाले उपत्यका छाड्ने सङ्ख्या त्यसको दोब्बर हुनसक्ने अनुनाज छ।

यही असोज १० गतेदेखि १४ गते शुक्रबारसम्म कूल तीन लाख ५३ हजार ४८५ बाहिरिएका छन् आज भने झण्डै दुई लाख बाहिरिने अनुमान गरिएको छ। प्रहरीका अनुसार कूल ५० हजार सवारी साधनमा उनीहरु यसरी बाहिरिएका हुन्।

आजदेखि दसैं बिदा भएकाले आज भने सडकमा अत्यधिक भीड रहेको र विभिन्न नाका तथा बसपार्क क्षेत्रमा उपत्यका छाड्ने यात्रुको बाक्लो उपस्थिति रहेको प्रहरी उपरीक्षक क्षेत्रीको भनाइ थियो।

**कुन दिन कति यात्रु भित्रिए कति बाहिरिए ?**

ट्राफिक प्रहरीका अनुसार असोज १० गते आठ हजार सात सय २९ वटा सवारी साधानमा ४५ हजार आठ सय २३ यात्रु भित्रिएका थिए भने आठ हजार नौ सय चार सवारी साधनमा ६० हजार आठ सय ४१ यात्रु बाहिरिएका थिए। असोज ११ गते आठ हजार चार सय २७ सवारी साधानबाट ४५ हजार ३३ यात्रु भित्रिएका मा नौ हजार एक सय ६१ सवारी साधनबाट ६२ हजार चार सय ३२ यात्रु बाहिरिएको अभिलेख छ।

यस्तै असोज १२ गते आठ हजार नौ सवारी साधनबाट ४५ हजार दुई सय ६० यात्रु भित्रिएकामा १० हजार ८६ सवारी साधनबाट ७१ हजार ७६३ यात्रु बाहिरिएका थिए । यस्तै असोज १३ गते आठ हजार २३ सवारी साधन मार्फत सोही हाराहारीमा यात्रु भित्रिएकामा १० हजार दुई सय १९ सवारी साधनमार्फत ७४ हजार तीन सय ६२ यात्रु बाहिरिए।

असोज १४ गते शुक्रबार भने सात हजार ४६० सवारीमार्फत ३७ हजार तीन सय ४० यात्रु भित्रिँदा १० हजार दुई सय ६७ सवारी साधनमार्फत ८४ हजार ८७ यात्रु बाहिरिएको तथ्याङ्क छ। यो प्रहरीले अभिलेख गरेको सार्वजनिक सवारी साधनमार्फत यात्रु भित्रिएका र बाहिरिएकाको विवरण हो । यसबाहेक पनि मोटरसाइकल तथा अन्य निजी सवारी साधनमार्फत बाहिरिने यात्रुको सङ्ख्या ठूलो रहेको ट्रापिक प्रहरीले जनाएको छ।रासस

# खसी बोकाको माग घट्दै

सुदूरपश्चिम । कैलालीको चुरे गाउँपालिकाका मानबहादुर मगरसहितका किसानलाई चाडपर्वको समयमा पनि खसी बोकाको सोचेअनुसारको व्यापार नहुँदा चिन्ता छ । धनगढीको हसनपुरमा खसी बोकाको घुम्ती व्यापार गरिरहेको भेटिनुभएका मानबहादुरले भन्नुभयो, "पहिलेको जस्तो जुगजमाना अब रहेन, मान्छेले बोकाको बली दिन छाड्दा यसको माग पनि घट्न थाल्यो ।"

पहाडी क्षेत्रको चुरे गाउँपालिका बासिन्दाको मुख्य पेशा नै बाख्रापानलन रहेको छ । यो क्षेत्र बाख्रापालनका लागि पकेट क्षेत्रका रुपमा रहेको छ। यसबाहेक चुरेका किसानको अर्को आयस्रोतको रुपमा फलफूल, अदुवा र बेसारको खेती पनि छ । उहाँले थप्नुभयो, "पहिलेको भन्दा महँगी बढेको भएर पनि अपेक्षा गरेअनुसारको बिक्री हुन नसक्ने समस्या देखिएको हुनसक्छ ।" उहाँसहितको समूहले तीन दिनदेखि धनगढीका चोक र गल्लीमा पुगेर खसी बोकाको घुम्ती व्यापार गरिरहनुभएको छ।

अर्का किसान दानबहादुर बुढाले दसैंको समयमा चुरे गाउँपालिकामा पालिएका खसी बोका बिक्रीका लागि काठमाडौँ र पोखरासम्म पुर्‍याउने गरिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यहाँका खसी बोकाको बिक्रीबाट मुनाफा बढी लिने सोचले जिल्ला बाहिर लग्ने गरिए पनि सोचे अनुसारको फाइदा लिन सकिएको छैन ।" चुरे गाउँपालिकाका कतिपय किसान परिवारले एउटै खोरबाट कम्तीमा पनि ३५/४० वटा बाख्रा पाल्ने गरेका छन्। व्यापारी लोकबहादुर बोहराले पनि बलि दिने परम्परामा कमी आउँदा खसीबोकाको स्थानीय क्षेत्रमा माग पहिलेको जस्तो नभएको अनुभव सुनाउनुभयो । ''स्थानीय क्षेत्रमा जीउँदो खसी मुस्किलले प्रति किलो रु पााच सय ५० मा खरिद बिक्री भइरहेको छ'', बोहराले भन्नुभयो, ''पहिलेको भन्दा माग निकै घट्दा समस्या भइरहेको छ।"

यहाँका खसी बोका पोखरा काठमाडौँ पुर्‍याएर बेच्दा प्रतिकिलो रु सात सय देखि आठसयसम्ममा बिक्री हुने गरेको व्यापारीले बताएका छन् । बाख्रापालन व्यवसायका लागि सरकारबाट सहयोग नपुगेको गुनासो कृषकको छ । उहाँहरुले भन्नुभयो, ''सरकारले बाख्रापालनका लागि पकेट क्षेत्र घोषणा गर्छ तर पकेट क्षेत्रमा गर्नुपर्ने सहयोग किसानलाई उपलब्ध गराउँदैन ।''

घरघरमा खसी बोकाको मार हान्ने र देवीदेवताको नाममा बली दिने चलन घट्दै जाँदा पछिल्ला वर्षमा यसको कारोबार पनि घट्दै गएको व्यापारीको बुझाइ छ। दसैंमा देवीदेवताको नाममा घरघरमा खसी बोका, कुखुरा, हाँस परेवा जस्ता पशुपक्षीको बलीदिने चलन पहिलेको तुलनामा कमी आएको उहाँहरु बताउनुहुन्छ। पछिल्ला वर्षमा कतिपय परिवारले राँगा र बोकाको विकल्पमा नरीवल, कुभिण्डो, फर्सी काँक्राको बली दिन थालिएको पाइन्छ। सुदूरपश्चिम प्रदेशको तराईका जिल्लाको तुलनामा पहाडी जिल्लाका बडा दसैंको समयमा कतिपय शक्तिपीठमा राँगा, बोकाको बलि दिने चलन भने कायम नै छ ।रासस

# किसानलाई आधा मूल्यमा बीउ वितरण



जाजरकोट । भेरी नगरपालिका कृषि विकास शाखा जाजरकोटले आधा मूल्य अनुदानमा आलु र अन्य तरकारीका बीउ वितरण गरेको छ।

चालु आर्थिक वर्षको प्रथम चौमासिक कार्यक्रम अनुसार कार्यालयको ५० प्रतिशत मूल्य अनुदान र कृषकको ५० प्रतिशत मूल्य सहभागितामा आलु तथा तरकारीको बीउ वितरण गरिएको हो।

करिब ७० क्वीन्टल आलुको बीउ र अन्य तरकारीको बीउ दुई सय बढी किसानलाई वितरण गरिने छ। स्याउली सेवा केन्द्र र खलङ्गाबाट उक्त बीउ वितरण गरिएको कृषि विकास शाखाका प्रमुख यज्ञ अधिकारीले जानकारी दिनुभयो।

उन्नत बीउ प्रयोग गरी उत्पादन बढाउन र तरकारी खेतीमा किसानलाई हौसला प्रदान गरी व्यावसायिकतातर्फ उन्मुख गराउन बीउमा अनुदान दिएको अधिकारीले बताउनुभयो। वर्षनी पालिकाले मूल बीउ उत्पादनदेखि वितरण गर्दै आएको छ ।रासस

# धानमा राते रोग लागेपछि कृषक चिन्तित

कावासोती । धानमा रोग लागेपछि पूर्वी नवलपरासीका अधिकांश किसान चिन्तित छन् । धान रोप्ने बेला सुरुमा बीउ र मल अभाव खेपेका किसानले अहिले रोगसँग सामना गर्नुपरेको हो । रोग लागेर बोट नसप्रने, पात रातो हुने तथा बोट मर्ने गरेको किसानले बताएका छन् । रोग नियन्त्रण गर्न लकडाउनका कारण मल तथा औषधि अभाव भएको कावासोती-१२ का कृषक राजेश लम्सालले बताउनुभयो । "सुरुमा मल पाइएन हामीले पनि मल नपुगेर होला भन्यौँ", लम्सालले भन्नुभयो, "अहिले बोट नै रातो हुँदै गइरहेको छ । मुख्य बाली धान नोक्सान भएको छ ।" कावासोती नगरपालिका-१६ का २४ कृषकको करिब एक सय १३ बिघाभन्दा धेरै धान खेतमा यो रोग देखिएपछि क्षतिपूर्तिका लागि वडा कार्यालयमार्फत नगरपालिकामा माग गरेका कृषक लक्ष्मण विकले बताउनुभयो।

रोपाइँ सकिएको १५ देखि २० दिनमा धानखेतीलाई युरिया मल चाहिन्छ। किसानले धान रोपेको दुई महिना बित्न लाग्दासमेत मलसमेत पाएनन्। अरू सेवा त परै जाओस् किनेर मल हाल्नसमेत नपाउँदा उत्पादन गत वर्षभन्दा कम हुने कृषकले अनुमान गर्न थालेका छन्। करिब १८ हजार हेक्टरभन्दा धेरै क्षेत्रमा धान खेती गरिएकामध्ये अधिकांश क्षेत्रका धान खेतमा राते रोग देखिएको कृषि ज्ञान केन्द्र पूर्वी नवलपरासीका बाली विशेषज्ञ मीरा चौधरीले बताउनुभयो। धानमा लागेको राते रोगका कारण यस वर्षको धानको उत्पादन पनि घटने विशेषज्ञ चौधरीले बताउनुभयो।

विशेषज्ञ चौधरीका अनुसार धानले समयमा मल नपाउँदा सेतो झिङ्गाले आक्रमण गरेको कारणले यो रोग लागेको हो । सेतो झिङ्गाले धानका पातलाई चुस्दै जाँदा धानको बोट नै पहेलो हुँदै गएको चौधरी बताउनुहुन्छ। धान पहेँलो हुँदै गएपछि कृषकले युरिया डिएपीलगायत मल प्रयोग गर्दा सेतो झिगाँलाई चुस्न झन सहज हुने भएकाले धानको बोट रातो देखिएपछि रासायनिक मल प्रयोग गर्न नहुने उहाँको भनाइ थियो। रासस

# १५ दिनमा डेढ करोडको व्यापार

काठमाण्डु । चाडपर्वका समयमा दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण र उपभोक्तालाई सहुलियत दरमा उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको 'पर्वोत्सव' सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण बढेको छ।

दैनिक उपभोग्य वस्तुमा दिइएको छुटका कारण यस्ता पसलमा उपभोक्ताको आकर्षण बढेको हो । सरकारको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यही असोज १ गतेदेखि ४१ जिल्लाका ४५ स्थानमा सुपथ मूल्य पसल सञ्चालमा ल्याएको छ । काठमाडौँमा मात्रै चार स्थानमा सुपथ मूल्य पसल सञ्चालित छन् । ती पसल आगामी कात्तिक १५ गतेसम्म चल्नेछन्।

अन्य बजारको तुलनामा खाद्य व्यापार कम्पनीको सुपथ मूल्य पसलमा दैनिक उपभोग्य वस्तुको मूल्य कम रहेकाले उपभोक्ताको भीड बढेको कम्पनीका नायब महाप्रबन्धक श्रीमणिराज खनालले जानकारी दिनुभयो । "काठमाडौँसहित अन्य जिल्लामा रहेका कम्पनीको 'आउटलेट'मा उपभोक्ताको भीड छ", उहाँले भन्नुभयो, "सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण छ, देशभर उत्साहजनकरुपमा उपभोग्य वस्तु बिक्री भइरहेको छ।

कम्पनीले एक महिनाको अवधिमा रु पाँच करोड ४० लाखको दैनिक उपभोग्य वस्तु बिक्री गर्ने लक्ष्य लिएको छ। पन्ध्र दिनका अवधिमा रु एक करोड ५० लाखको सामान बिक्री भएको र एक हजार क्विन्टल बढी खाद्य सामग्री बिक्री भइसकेको कम्पनीले जनाएको छ।

आउटलेटबाहेक कम्पनीले अनलाइनबाट पनि खाद्य वस्तुको अर्डर लिने र निःशुल्क होम डेलिभरी गर्ने गरिरहेको छ। कम्पनीले गोगो २०, दराजलगायत अनलाइन सेवा प्रदायक संस्थाबाट घरघरमै निःशुल्करुपमा खाद्य वस्तु पुर्‍याइरहेको नायब महाप्रबन्धक खनालले बताउनुभयो। काठमाडौँ, पोखरा र सुर्खेतमा होम डेलिभरी सेवा सञ्चालनमा छ।

सुपथ मूल्य पसलमा दाल, चामल, तेल, नुन, गेडागुडीलगायत खाद्य वस्तु उपलब्ध छन् । कम्पनीसँगै दुग्ध विकास संस्थान र नेशनल ट्रेडिङले पनि सुपथ मूल्यमा उपभोग्य वस्तु बिक्री गरिरहेका छन्।

बोका-च्याङ्ग्राको बिक्री नवमीसम्म

सुपथ मूल्य पसल फूलपातीको दिनसम्म खुला रहनेछ । यद्यपि, खसी, बोका तथा च्याङ्ग्राको बिक्री भने नवमीसम्म चल्नेछ । कम्पनीले दसैंका अवसरमा खसी, बोका तथा च्याङ्ग्राको मूल्य नियन्त्रण गर्न एक हजार आठ सय खसी बोका तथा पाँच सय बढी च्याङ्ग्रा काठमाडौँ भित्र्याएको छ। "केही खसी, बोका तथा च्याङ्ग्रा काठमाडौँ आइसकेका छन्", उहाँले भन्नुभयो, "केही आउँदै छन्, दसैंसम्म लक्ष्यअनुसारको खसी, बोका तथा च्याङ्ग्रा बिक्री गर्छौं।"

कम्पनीले जीउँदो खसीको मूल्य प्रतिकेजी रु छ सय ८० र च्याङ्ग्राको मूल्य जीउँदो प्रतिकेजी रु एक हजार दुई सय ६० तोकेको छ। यसमा प्रतिकेजी रु १० छुट दिइएको छ । कम्पनीले धादिङ, मकवानपुर र दाङबाट खसी बोका तथा दार्चुलाको अपि क्षेत्रबाट च्याङ्ग्रा ल्याएको छ।रासस

# भैँसीपालनमा अनुकरणीय बन्दै 'नरनारायण'



रामपुर । कृषि व्यवसाय भनेपछि अझै पनि गाउँघरमा राम्रो दृष्टिले हेरिन्न। त्यसैमाथि पशुपालन गर्नेलाई समाजले झट्ट राम्रो काम भन्न सक्दैन। कृषिप्रति अनिच्छा र उपेक्षा बढिरहेको अवस्थामा सबैका लागि अहिले अनुकरणीय बन्नुभएको छ, पाल्पा रामपुरका नरनारायण अर्याल।

रामपुर नगरपालिका-८ स्थित एक्लेटारमा सञ्चालित नागिनी एग्रो एण्ड रिसर्च सेन्टर प्रालिका सञ्चालक अर्यालले पाल्पामा ठूलो भैँसीपालन व्यवसाय गर्नुभएको छ । अहिले उहाँको व्यवसाय आयआर्जन गर्ने मात्रै नभई अन्यका लागि पशुपालन सिकाइ गर्ने थलो बनेको छ। यहाँ अवलोकन गर्न आउने जोकोहीले केही न केही नयाँ कुरा सिकेर फर्कने गर्दछन्।

तीनवर्षदेखि व्यवसाय सुरु गर्नुभएका अर्यालको फार्ममा हाल ७० बढी भैँसी छन्। फार्मका २४ दुहुना भैँसीबाट तीन सय ३० लिटर दूध दैनिक प्रतिलिटर रु एक सय ३० का दरले बजारमा बिक्री गर्नुहुन्छ। हाल उहाँले मासिक खर्च कटाएर रु एक लाख ५० हजार आम्दानी गर्नुहुन्छ । "बिगतका भैँसीपालनको अनुभवले यस व्यवसायमा राम्रो आर्थिक उपार्जन गर्ने सम्भावना मैले देखेको छु, जस्तोसुकै सङ्कट आइपरे पनि समाधान गर्न सकिने रहेछ", उहाँले भन्नुभयो "बजारीकरणमा सहज भएपछि दुध बिक्री गर्ने पिरलो भएन, अर्कोतर्फ निश्चित समयमा पशु सङ्ख्या थपघट गर्न सकिने रहेछ।"

कालीगण्डकी करिडोर सडक आडैमा रहेको यस भैँसी फार्म व्यवस्थित संरचना भित्र सञ्चालित छ । स्नातक तहसम्म अर्थशास्त्र विषय लिएर अध्ययन गर्नुभएका अर्यालको पढेर जीवनमा ज्ञान, सीप लिने, समाजमा प्रतिष्ठा र आयस्रोतका लागि जागिरभन्दा व्यवसाय नै गर्ने इच्छाअनुसार भैँसीपालन व्यवसाय रोजाइमा पर्‍यो। अहिले भैँसीपालनबाट आफूले आत्मसन्तुष्टि पाएको उहाँ बताउनुहुन्छ । सडक नजिकै रहेको यहाँको फार्ममा विभिन्न क्षेत्रका व्यक्ति भैँसीपालनको अवस्था बुझ्न आउछन्। फार्ममा एक सय ५० माउ भैँसी पाल्ने लक्ष्य लिनुभएका अर्यालले भैसी रेखदेखका निम्ति हाल पाँच जनालाई रोजगार दिनुभएको छ । जग्गा प्रशस्त रहेकाले घाँसपातको समस्या छैन । तर दानाको महँगी बढ्दा खरिदमा साना तथा ठूला किसान मारमा परिरहेको गुनासो छ।

भारत र मुलुकका विभिन्न स्थानमा पुगेर उन्नत जातका भैँसी खरिद गरी उहाँले व्यवसाय सुरु गर्नुभएको हो। फार्ममा सबैजसो भैँसी उन्नत जातका छन् । अर्यालले एक भैँसीको मूल्य रु एक लाख ३० हजारदेखि रु दुई लाख ५० हजारसम्ममा खरिद गरेर ल्याउनुभएको छ । भैँसी खरिद र गोठ निर्माणमा हालसम्म करिब रु तीन करोड ५० लाख बराबरको लगानी परेको छ । उहाँले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ऋण झिकेर व्यवसाय चलाउनुभएको छ।

अहिले ठूलो क्षमताको चारैतिर फराकिलो एउटा गोठमा दुई लाइनमा भैँसी बाँधेर पालिएको छ। सङ्ख्या थप्ने तयारीमा रहनुभएका अर्यालले गोठको संरचना निर्माण गरिरहनुभएको छ । हाल दुध मात्रै उत्पादन गरी बिक्री गर्नुभएका उहाँले दैनिक पाँच सय लिटर बढी दुध उत्पादन गरी पनिर, घ्यूलगायत दुग्धजन्य पदार्थ उत्पादन गर्ने सोच बनाउनुभएको छ। सामाजिक कामसँगै घरमै बसेर व्यवसाय गर्ने सोचका साथ ठूलो लगानीमा उहाँले भैँसीपालन गर्नुभएको हो । ब्रोइलर कुखुरापालन गर्नुभएका उहाँले दीर्घकालीन रुपमा आफ्ना लागि कमाइ गर्ने मात्र नभई अरुलाई पनि सिकाइयोग्य हुने उद्देश्यका साथ संरचना तयार पारेर भैँसीपालन व्यावसाय सुरुवात गरेको बताउनुहुन्छ।

" फार्ममा बसेर कामदारसँगै काममा खटिरहेको हुन्छु, दैनिकजसो भैँसीफार्म अवलोकन गर्न आइरहनुहुन्छ, कतिपय कृषक व्यवसाय चलाउन सल्लाह सुझाव लिन आउनुहुन्छ, स्वतन्त्र रुपमा आफ्नै व्यवसायमा जीवन चलाउन पाउँदा खुसी भएको छु", उहाँले भन्नुभयो ।रासस

## नवरात्रको छैटौं दिन

# विधिपूर्वक गरियो कात्यायनी देवीको पूजा आराधना

**टुडे समाचारदाता**

जनकपुरधाम । नवरात्रको छैटौं दिन दसैंघर वा पूजा कोठामा नौ दुर्गामध्येकी छैटौं कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ ।



प्रत्येक वर्ष आश्विन शुक्ल षष्ठी अर्थात् दुर्गा पक्षको छैटौं दिन कात्यायनीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ । कात्यायनी देवीको उत्पत्तिका सम्बन्धमा यस्तो किंवदन्ती प्रचलित छ । कुनै समय देवताहरूको कार्यसम्पादन गर्न भगवती देवी कात्यायन ऋषिका आश्रममा अत्यन्त सुन्दरी कुमारीका रूपमा अवतार लिइछन् ।

कात्यायनीको बाल सौन्दर्यबाट मुग्ध भएर कात्यायन ऋषिले पुत्रीका रूपमा स्वीकार गरेछन् । यसैले यिनको नाम कात्यायनी भएको विभिन्न पुराणमा उल्लेख छ । कात्यायनीको प्रतिमा लक्षणमा शार्दूल वाहन भएकी, दानव घातिनी, हातमा खड्ग लिएकी, एउटा चुल्ठो भएकी, कानमा जपापुष्प (एक प्रकारको फूल) तथा यार्लिङ लगाएकी, गधामा बसेकी, नग्न, ठूल्ठूला ओठ भएकी र शरीरमा तेल घसेकी हुन्छिन् भनेको पाइन्छ । यस्ती देवीको शनिबार विधिपूर्वक पूजा आराधना गरिएको हो ।

नवरात्रको पहिलो दिन असोज १० गते सोमबार दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौंको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो ।

दोस्रो दिन मङ्गलबार पूजास्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन बुधबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो । चौथो दिन बिहीबार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो भने पाँचौं दिन शुक्रबार स्कन्दमाताको पूजा आराधना गरियो ।

छैटौं दिन कात्यायनी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् ।

दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भनिन्छ ।

नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ । आज राजधानी र राजधानी बाहिरका शक्तिपीठमा भक्तजनको बिहानैदेखि पूजा आराधना एवं दर्शनका लागि भीड लागेको थियो ।

# एमाले मधेशी विरोधी होइन भ्रम मात्र फैलाइएको छ : ओली

**टुडे समाचारदाता**

राजविराज । नेकपा एमालेका अध्यक्ष पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले नागरिकता विद्येयकमाथि छलफल गर्न राष्ट्रपतिले दिएको सुझावलाई संसदभित्र छलफल नै नगरी विद्येयकलाई जस्ताको त्यस्तै पठाएर सरकारले गलत नियत देखाएको आरोप लगाएका छन् ।



राष्ट्रयुवासंघनेपालमधेशप्रदेशकमिटीले शनिवार सप्तरीको क्षेत्र नं. १ कञ्चनरुप नगरपालिकाको सिमरा स्थित धर्मेश्वर चोक मैदानमा आयोजना गरेको मधेश प्रदेश स्तरीय निर्वाचन परिचालन कमिटी घोषणा तथा आमसभालाई सम्बोधन गर्ने क्रममा यस्तो आरोप लगाएका हुन् । गठबन्धन दलहरुको भरमा दम्भ देखाउँदै विद्येयकमा अनावश्यक कुरा राखेर प्रतिपक्षीसँग कुनै छलफल नै नगरी नागरिकता विद्येयक दोश्रो पटक पनि जस्ताको त्यस्तै पठाएको उनको भनाइ थियो ।

जन्मसिद्ध नागरिकको सन्तानलाई नागरिक्ता दिने पक्षमा एमाले सदैव रहेको भन्दै उनले वर्तमान गठबन्धन सरकारले अनावश्यक बखेडा झिकेको बताए ।

वर्तमान गठबन्धन सरकारले १४ महिनामा देशको अर्थतन्त्रलाई ओरालो मात्र लगाएनन उनले भने 'गठबन्धनको राजनीति गरेर प्रतिस्पर्धाको नाममा एक आपसमा द्वन्द्व फैलाउने र जनतालाई भ्रममा पार्ने काम समेत गरेका छन् ।

उनले वर्तमान सरकारलाई घुँढा टेक्ने सरकारको संज्ञा दिदै भने-'कसैले सीमा मिचे पनि घुँढा टेक्ने र चु सम्म नबोलेर कायरताको प्रदर्शन गर्ने गरेका छन् ।' मधेश एजेन्डाप्रति 'अनुदार' छवि बनाएका ओलीले आफू र आफ्नो पार्टी तराई-मधेश विरोधी नभएको स्पष्ट पारे । उनले अरुले बीस वर्षमा गर्न नसकेको काम आफूले आफ्नो तीन वर्ष कार्यकालमा गरेर देखाइ दिएको दाबी गरे ।

आफू प्रधानमन्त्री रहेको बेला मधेश विकासका लागि गरिब जनता आवास, हुलाकी राजमार्ग, चक्रपथ निर्माण, रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान, आधुनिक कृषि उत्पादन वृद्धि लगायतका दर्जनौं कार्यक्रम ल्याएको बताउँदै उनले भने-'मंसिर ४ गतेको निर्वाचनपछि एमाले नेतृत्वको सरकार बन्ने र एक महिनाभित्रमा नागिरकता समस्या पनि समाधान हुने छ ।'

उनले देशको रक्षा गर्ने विकासका गतिलाई तीव्र पार्ने पार्टी एमाले मात्र भएको दाबी गर्दै केही राजनीतिक दल, समूह र व्यक्तिले आफ्नो स्वार्थका लागि एमाले मधेश विरोधी पार्टी भएको भ्रम फैलाउने गरेको आरोप लगाए ।

उनले गठबन्धन दलका नेताको आचरणले तराई-मधेशका आम नागरिकले दुःख भोग्नुपरेको चर्चा गर्दै एमालेनै न्याय गर्ने दाबी गरे । २०७४ को निर्वाचनमा अपेक्षित परिणाम ल्याउन नसकेको आफ्नो पार्टीले यसपल्ट उत्साहजनक परिणाम ल्याउने बताए । यसपल्ट मधेशमा पनि आफ्नो पार्टीमा जनताको आकर्षण बढेको छ, उल्लेख्य संख्यामा अन्य दलका नेता/कार्यकर्ता प्रवेश गरिरहेका छन्, ओलीले भने- अहिले पनि अन्य दलका धेरै नेता कार्यकर्ता एमालेमा आउन आतुर छन् ।

२०७३ फागुन २३ मा पार्टीको मेची-महाकाली अभियान लिएर सप्तरीकै मलेठमा एमालेले ओलीकै उपस्थितिमा आयोजना गरेको चुनावी सभा मधेशवादी दलले विथोल्न खोज्दा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएको थियो । त्यो घटनाको करिब साढे पाँच वर्षपछि ओली सप्तरी आएका छन्।

यद्यपि मधेशवादी दलले फेरि पनि विरोधका कार्यक्रम गर्न सक्ने आकलन गरेका एमालेले यसपल्ट भने कार्यक्रम स्थल सदरमुकाम बाहिर पूर्व-पश्चिम राजमार्गमा पर्ने कञ्चनरुप नगरपालिकामा उनको कार्यक्रमलाई दृष्टिगत गरी कार्यक्रम स्थल र आसपास क्षेत्रमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा पारिएको थियो ।

सो अवसरमा ओलीले जसपा मधेश प्रदेश कमिटी सदस्य रिता यादवसहित विभिन्न पार्टी परित्याग गरी एमाले प्रवेश गरेका ८ सय ५५ जनालाई फूल माला र अबिर लगाई स्वागत गरेका थिए । उक्त सभाबाटै ओलीले मधेश प्रदेश निर्वाचन परिचालन कमिटीसमेत घोषणा गरे ।

राष्ट्रिय युवा संघ नेपाल मधेश प्रदेश कमिटीका अध्यक्ष मोविन आलमको अध्यक्षतामा आयोजित सभामा एमाले नेता महेश बस्नेत, समुन प्याकुरेल, मनिष श्रेष्ठ, राजकुमार लेखी, दिवाकर देवकोटा, सरिता गिरी, किरण पौडेल लगायतले पनि सम्बोधन गरेका थिए ।

# बज्न छोड्यो गाउँबस्तीमा ढोल

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने बडादसैं पर्वका पुराना लोकपरम्परा हराउँदै गएका छन् । दसैं सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगारा) बज्न छाडेपछि राष्ट्रिय महत्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको छ ।

"गाम घरमें आब न ढोल बजैय" (गाउँघरमा अब ढोल बज्न छोडेछ) धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी ७६ वर्षीया गीतादेवी झा भन्छन्, "दशहारा पावैन आयल बुझाइए न रहल अइ" (दसैं पर्व लागेजस्तो नै बुझिन्न) । दसैं सुरु भएको पाँच दिन भइसक्दा बस्तीमा ढोल बजेको सुन्न नपाइएको झाको भनाइ छ ।



जनकपुरधामसहित मिथिलाञ्चलमा नवरात्र सुरु भएसँगै बस्तीमा 'दसैं के ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल बज्न छाडिएपछि गीता देवीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता व्यक्त गरेका छन् ।

"बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैंय जे आब हमर कि पहिचान रहत ?" (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?) धनुषा कै क्षीरेश्वरनाथ नगरपालिकाका पूर्व शिक्षक ७२ वर्षीय लालबाबु झाले भने ।

घटस्थापना कै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दसैं के ढोल' भनेर कराउँदै हिँड्दा स-साना नानी उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्य कथा जस्तै भएको बूढापाका बताउछन् ।

गाउँ नगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याइँले हिँडडुल गर्न छोडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो ।

"करु हजुर, जवतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाव नइ चाहैय है, कि करु ?" (के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाँहदैनन्, के गरौं ?) क्षीरेश्वरनाथ-७ हरिहरपुर चमारटोलका ७५ वर्षीय चमार समुदायका अगुवा भरोसी महरा चमारले भने । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अरब, कतार, मलेसियाजस्ता खाडीमुलुक जान थालेपछि पुर्ख्यौली रीतिथिति र पेसा थाम्न छाडेको ओझलिएको चमार जातिका पाका उमेरका अगुवाहरुले बताए ।

लोकसंस्कृतिको अभिन्न अङ्ग मानिने यस्ता परम्परा अब लोप हुने अवस्थामा पुगेको छ,पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिष्कृत गर्दै अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ । यो अभिभारा अब नयाँ पुस्ताले उठाउनुपर्ने र स्थानीय सरकारले यसको संरक्षण सम्वर्द्धनमा लाग्नुपर्ने आवश्यकता रहेको छ ।"

# अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । केही महिना अघि हस्पिटलको लापरबाहीका कारण एक नवजात शिशुको मृत्यु भएको जनकपुरधामको रामानन्दचोकस्थित नैना हस्पिटलमा फेरि पनि लापरबाहीकै कारण एक महिलाको मृत्यु भएको परिवारले आरोप लगाएका छन् ।




जनकपुरधाम उपमहानगरपालिका-१२ हनुमाननगर बस्ने दीलिप मण्डलकी २८ वर्षीया श्रीमती विद्याकुमारी मण्डलको मृत्यु भएको छ ।

विद्यालाई प्रशव पीडा हुँदा परिवारजनले उपचारका लागि भदौ २३ गते नैना हस्पिटलमा ल्याएका थिए । नैना हस्पिटलमा २४ गते उनको नर्मल डेलेभरि भयो । शिशु जन्मिएपछि आमाको पाठेघरबाट अत्यधिक रक्तस्राव हुन लाग्यो । डेलेभरिपश्चात् बिरामीको पाठेघर फाटिसकेको थियो ।

उनलाई परिवारजनले रगतको व्यवस्था गरी ३१ पोका रगतसमेत चढाइयो । तरपनि उनी गम्भीर अवस्थामा रहेको भन्दै परिवारको सहमतिबिना नै चिकित्सकले उनको पाठेघर हटाइदिए । सोही क्रममा पाठेघरको नली काटियो । त्यसपछि विद्याको अवस्था झन बिग्रिदै गयो ।

मृतकका पति दीलिपले भने, ' नर्मल डिलेभरिपश्चात् यदि मेरो श्रीमतीको पाठेघरबाट अत्यधिक रक्तस्राव भइरहेको थियो भने अस्पतालले हामीलाई जानकारी दिएन । हामी त्यति बेला नै बिरामीलाई बाहिर लगथ्यौं । तर, अचानक अवस्था जटिल बनिसकेपछि अस्पतालले हामीलाई जानकारी गरायो ।'

'डाक्टरलाई बिरामीको अवस्था ठिक छैन भने अन्यत्र रेफर गरिदिन आग्रह गर्दै आएका थियौं । तर, ती डाक्टरले उसको अवस्थामा सुधार आइसकेकोले रेफर गर्नु पर्दैन भन्दै आइरहेका थिए,' उनले, 'तर, अचानक अवस्था बिग्रेपछि हामी २५ गते बिरामीलाई लिएर हेलिकप्टरमार्फत काठमाण्डुको मेडिसिटी अस्पताल पुग्यौं ।'

मेडिसिटी अस्पतालमा २२/२३ दिनसम्म उपचार गराए पनि अन्त्यमा शनिबार बिहान त्यहाँको चिकित्सकले जनकपुरकै हस्पिटलले बिरामीको अवस्था बिगारेकोले त्यहीं लगेर उपचार गराउन सुझाव दिएको दीलिपले बताए ।

शनिबार बिहान फेरि बिरामीलाई जनकपुरधाम ल्याएर नैना हस्पिटलमै भर्ना गरिएको थियो । तर, बिरामीको अन्तिम अवस्थामा पनि यस अस्पतालका चिकित्सकले उनलाई बचाउने कुनै प्रयास नगरेको उनको दुःखेसो छ । उनले यहाँ आएपछि आफ्नो श्रीमतीको मृत्यु भएको बताए ।

मेडिसिटीमा ३२ लाख रुपैयाँ खर्च भएको उनले सुनाए । उनले आफ्नो जग्गा बन्धकी राखेर सो पैसा ऋण लिएकोसमेत दुःखेसो सुनाए । घटना सम्बन्धमा अस्पतालले भने सकेसम्म बिरामीलाई बचाउने सम्पूर्ण प्रयास गरे पनि बचाउन नसकिएको र काठमाण्डुमा उपचाररत् रहेको बेला मानवताको नाताले दुई लाख रुपैयाँ सहयोगसमेत गरेको जनाएको छ ।

यता,अस्पतालको लापरबाहीले बिरामीको मृत्यु भएको भन्दै मृतकका परिवारजनले बिहानैदेखि नैना हस्पिटलको अगाडि टायर बालेर प्रदर्शन गरेका छन् । प्रदर्शनको क्रममा प्रहरी र मृतकका परिवारजनबीच सामान्य झडपसमेत भएको छ ।

यसअघि गत भदौ १६ गते पनि नैना हस्पिटलको लापरबाहीका कारण एक नवजात शिशुको जन्मिएको दोस्रो दिनमै मृत्यु भएको थियो । सर्लाहीको ब्रम्हपुरी गाउँपालिका-३ त्रिभुवननगर बस्ने रवीन्द्र साहकी पत्नी चञ्चला देवीले जन्म दिएको शिशुको अस्पतालका चिकित्सकको लापरबाहीका कारण मृत्यु भएको थियो ।

# मधेश प्रतिष्ठानले पाए एमडी र एमएसको कोटा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्नातकोत्तर पठ्नपाठनका लागि तीन वटा सिट पाएको छ ।




चिकित्सा शिक्षा आयोगले प्रतिष्ठानलाई एमडी र एमएसका लागि तीन सीटमा पठ्नपाठन गराउन अनुमति दिएको छ ।

आयोगले यस वर्ष स्त्री रोग विभागमा दुई र बालरोग सम्बन्धी पठ्नपाठनको लागि एक वटा सिट प्रदान गरेको प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहले जानकारी दिए ।

उनका अनुसार प्रतिष्ठान स्थापना भएको दुई वर्षभित्रै कोटा पाउनु ठुलो उपलब्धि हो । अहिलेसम्म नेपालको इतिहासमा यति कम अवधि भित्रै कुनै पनि प्रतिष्ठानले अध्ययन अध्यापनका लागि कोटा पाएका छैन ।

मेडिसिन, सर्जरी, गाइनोलोजिष्ट, पेडियाट्रिक्स, अर्थोपेडिक्स र रेडियोलोजिष्ट गरी ६ विषयमा एमडी एमएस कक्षा सञ्चालन गर्ने चिकित्सा आयोगसँग अनुमति मागेको थियो । प्रतिष्ठान स्थापना भएको ६ महिनाभित्रै बिएसी नर्सिङ, बिपिएच, बिएमएलटी र बिएन एस कक्षा सञ्चालन गर्न सफल भएको छ । प्रतिष्ठानले पाँच वर्षसम्मका लागि पाएको लक्ष्य दुई वर्षमै पूरा गरेको उनको दाबी छ । प्रतिष्ठान स्थापनाकालमा चार वटा लक्ष्य दिइएको थियो । जसमध्ये सबै लक्ष्य पूरा भइसकेको उनले बताए ।

प्रतिष्ठानको प्रशासन, भौतिक संरचना निर्माण, उच्च स्तरीय चिकित्सक भर्ना, शिक्षण अस्पतालसहितको सेवा दिने जस्ता लक्ष्यहरु राखिएको थियो । प्रतिष्ठानले हालै गुठी संस्थानसँग १८ विद्या जमिन लिजमा लिएको छ । सोही जमिनमा शिक्षण अस्पतालको भवन बनाउने तयारी गरेको छ । प्रतिष्ठान हाल दुईसय शैयाको छ । छिट्टै यसलाई तीन सय शैयाको बनाउने प्रतिष्ठानको तयारी छ ।

शिक्षण अस्पतालकै वरिपरि भविष्यमा आँखा अस्पताल, क्यान्सर अस्पताल, हाडजोंनी जस्ता विभागहरु बनाइने योजना रहेको छ।

०७७ फागुण ५ गते प्रतिष्ठानको स्थापना भएको थियो । हाल प्रतिष्ठानमा ६ वटा अप्रेशन थिएटर छन् । जसमध्ये तीन वटा आधुनिक अप्रेशन थिएटर रहेको छ ।

**उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं ।**

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- रकम बचत गरी बैंक तथा वित्तिय संस्थामा जम्मा गरौं ।
- स्थानीय स्रोत र साधनको परिचालन गरी उत्पादनमा बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'जलवायु परिवर्तनको असरलाई बेवास्ता गर्न नसकिने'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका उद्योग वन तथा वातावरण मन्त्री शत्रुधन महतोले जलवायु परिवर्तनको असरलाई बेवास्ता गर्न नसकिने र यसका लागि युवा अग्रसर हुनुपर्ने बताए ।



विजेताहरूलाई बधाई दिंदै मन्त्री महतोले हाम्रा गतिविधिहरूको दीर्घकालीन प्रभावबारे सोच्नुपर्ने आवश्यकतामा जोड दिए ।

नेपाली युवाको जलवायु स्मार्ट उद्यमशीलता कम्पोनेन्ट इन क्लाइमेट एक्सन एण्ड ग्रीन ग्रोथ (NYCAGG) परियोजनाको नेतृत्व गरिरहेको क्रिएसनद्वारा पुरस्कार समारोहमा उक्त कुरा बताएका हुन ।

NYCGG परियोजना युरोपियन युनियनद्वारा वित्त पोषित छ र युवाहरूलाई (15–29)वर्ष सशक्तिकरणमा ध्यान केन्द्रित गर्दछ उनीहरूलाई हरित अर्थतन्त्र क्षेत्रमा उनीहरूको उद्यमशीलता वृद्धिलाई बलियो बनाउन र उनीहरूलाई प्रकोप र जलवायु सम्बन्धी शासन र वकालतमा संलग्न गराउन प्लेटफर्म प्रदान गर्ने गरेका छन् ।

क्लाइमेट फेलोसिप, क्लाइमेट स्मार्ट इन्टरप्रेन्योरसिप, मेन्टी-मेन्टरसिप, डिजिटल एड्भोकेसी र युथ साउन्डिङ बोर्ड मधेश प्रदेशमा सञ्चालित गतिविधिहरू हुन् जसले युवाहरूलाई सशक्तिकरण गर्ने, उनीहरूलाई रोजगारीका अवसरहरू उपलब्ध गराउने, जलवायु र वातावरणीय समस्याहरूलाई सम्बोधन गर्न नवीन विचारहरू सिर्जना गर्ने, र वातावरण संरक्षण प्रवर्द्धन गर्न नीति परिवर्तन भएको छ । क्लाइमेट स्मार्ट उद्यमशीलता मार्फत, मधेश प्रदेशबाट २० वटा विचारहरू छनोट गरी विशेषज्ञ सत्र र सहकर्मी सल्लाहकारहरू मार्फत तयार पारिएका थिए ।

पुरस्कार समारोहको पहिलो आधामा, चयन गरिएका विचारहरूले आफ्नो जलवायु स्मार्ट इन्टरप्राइजलाई प्रान्तीय सरकारहरू,कलेजहरू, विद्यार्थीहरू र मिडियाका प्रतिनिधिहरू सामेल भएका थिए । पिचिङ सत्रको मूल्याङ्कन रमाकान्त शर्मा, NYC, र सामाजिक कार्यकर्ताद्वारा गरिएको थियो।

नवप्रवर्तन संयोजक फुरपा शेर्पाले जलवायु स्मार्ट उद्यमशीलताको बारेमा जानकारी गराए पछि इनोभेसन ग्रान्टका छ जना विजेताहरूको नतिजा घोषणा गरिएको थियो । निशा तिवारी, सुष्मा शाह , ऋषव दास, आकांक्षा झा र सन्तोष यादव,रवीन्द्र पण्डित र बर्दन श्रेष्ठलाई पुरस्कृत गरिएको थियो ।

# मोटरसाइकलको चोरी बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम नै असुरक्षित बनेको छ । जनकपुरधाममा मोटरसाइकल चोरीको घटना बढेपछि नगरबासी असुरक्षित महसुस गर्न थालेका छन।

जनकपुरधामको पिडारी चोकमा रहेको परिवार होटल अगाडिबाटै लु. ७७ प. ०९२६ नम्वरको पल्सर मोटरसाइकल चोरी भएको छ । जनकपुरधाम १३ का मो. राजबुला साफीको उक्त मोटरसाइकल चोरी भएको चार दिन वितिसक्यो तर फेला पर्न सकेको छैन ।

'होटलमा जन्मदिन पार्टीमा सहभागी हुन गएको थिए', पीडित साफीले भने, ' जन्मदिन मनाएर बाहिर निस्किदै बाइक नै गायब भइसकेको थियो । छेउछाउ सबैतिर खोजे तर भेटेको छैन ।' उनले प्रहरीले समेत मोटरसाइकल खोज्न चासो नदेखाएको गुनासो गरे ।

अहिले चाडबाडको समयमा बजारमा अत्यधिक भीडभाड हुने गरेको छ । त्यसैले मोटरसाइकल चोरीको घटना झन बढ्न सक्ने जोखिम रहेपनि सुरक्षा निकायलाई मतलब नै नरहेको स्थानीय बताउँछन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८